ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: ३०५ ॥ आइतबार १३ बैशाख २०८३ ॥ दशमी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Sunday 26 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

नदीकिनारमा संरचनामा डोजर

सन्देश संवाददाता

काठमाडौं/शनिबार विहान काठमाडौंको थापाथली बागमती नदीकिनारमा अनधिकृत संरचना हटाउन डोजर चलेको छ। शनिबार विहानदेखि सरकारले थापाथली, गैरिगाउँ र मनोहरा क्षेत्रका सुकुम्बासी क्षेत्र खाली गराउन गराउन लागेको छ। काठमाडौं उपत्यकामा बागमती र मनोहरा नदीकिनारका अवैध संरचना हटाउन सुरु भएसँगै तीनकुने गैरिगाउँको बागमती किनारमा रहेका सुकुम्बासीले शनिबार आफ्ना सरसामान सार्न थालेका छन्। यसअघि बसोबास गर्दै आएका नागरिकले घरटहराबाट आफ्नै बस्ती खाली गरिरहेका हुन्।

सरकारले अतिक्रमित बस्तीमा शनिबार र आइतबार दुई दिन लगाएर खाली गर्नेछ। अनधिकृत बस्ती हटाउने क्रममा पहिचान भएका वास्तविक सुकुम्बासीलाई पहिचान तत्कालका लागि ५ वटा विभिन्न ठाउँमा पुनर्स्थापना गर्ने सरकारको तयारी छ। भक्तपुरस्थित बोडेमा कृषि विकास बैंकको तालिम केन्द्रमा राखिने भएको छ। खरिपाटी र चाँदबागमा सरकारी भवन र खाली जग्गा पनि अस्थायी बसोबासको व्यवस्था गरिएको छ। शनिबार विहानैदेखि कार्यक्षेत्रमा खटिएको टोलीले बस्ती हटाउने कार्यसँगै सुकुम्बासीको व्यवस्थापन मिलाएको छ।

स्कुलको थालबाट सुरु हुने परिवर्तन

सन्देश संवाददाता

हेटौंडा/नेपालमा कुपोषणको समस्या अब केवल दुर्गम भेगको कथामात्र रहेन। शहरका विद्यालय-हरुमा पनि बालबालिकाको खानपानले नयाँ चिन्ता जन्माइरहेको छ। एकातिर खाद्यान्नको अभावले पोषण संकट छ भने अर्कोतिर जंकफुडको बढ्दो प्रयोगले मोटोपना, रक्तअल्पता र सूक्ष्म पोषकतत्वको कमी जस्ता समस्या देखिन थालेका छन्।

यही विरोधाभासलाई नजिकबाट देखेपछि डा. अतुल उपाध्याय मनमा प्रश्न उठ्यो, यदि बजारमै सस्तो, सजिलो र पोषणयुक्त खाना उपलब्ध गराउन सकियो भने के परिवर्तन सम्भव हुँदैन ? यही प्रश्नबाट सुरु भएको सोच एउटा व्यवहारिक पहलमा रुपान्तरण हुँदैछ, जसले विद्यालयको थालबाटै परिवर्तन ल्याउने लक्ष्य राखेका छन्।

नेपालका विभिन्न प्रदेशमा काम गर्ने क्रममा उनले एउटा गहिरो यथार्थ देखे। मधेश प्रदेशमा खाद्यान्न प्रशस्त भए पनि कुपोषण उच्च थियो। अर्कोतर्फ कर्णाली र सुदूरपश्चिममा खाद्यान्न अभावकै कारण कुपोषण देखिनु स्वभाविक थियो। तर, समस्या यतिमै सीमित थिएन। त्यसलाई कसरी सफल बनाउन सकिन्छ ध्यान उतैतिर मोडियो, जंगफुड खाएर स्कुल धाइ-रहेका बालबालिकालाई कसरी गुणा-स्तरीय खाजा खुवाउन सकिन्छ, आज स्वयम् अतुल यी प्रश्नबाट बाहिर निस्केर त्यसलाई आफ्नो गुण र क्षमतालाई एकपटक प्रयासको चरणमा छन्।

काठमाडौंमा गरिएको एक अध्ययनले अर्को पक्ष उजागर गऱ्यो, बालबालिकाको खाजामा चाउचाउ, बिस्कुट, चिजबल र रंगीन पेय पदार्थको अत्याधिक प्रयोग। यसको असर उनीहरुको शारीरिक अवस्थामै देखिन थालेको थियो। मोटोपना बढ्दो थियो, तर त्यहींभित्र पोषणको कमी पनि लुकेको थियो। जब अभिभावकसँग कारण सोधियो, उत्तर सरल तर गम्भीर थियो-हामीलाई थाहा छ यी खाना राम्रो होइनन्, तर सस्तो, सजिलो र बच्चाले मन पराउने विकल्प यही हो। यही यथार्थले एउटा स्पष्ट सन्देश दियो-समस्या ज्ञानको होइन, विकल्पको अभावको हो।

समाधान खोज्ने प्रयासमा उनले हतार गरेनन्। कम्पनी स्थापना गरेपछि तुरुन्त उत्पादनमा जानुभन्दा पहिले करिब दुई वर्ष अनुसन्धानमा बिताइयो। राष्ट्रिय खाद्य अनुसन्धान केन्द्रसँग सहकार्य गर्दै विभिन्न प्रकार का खाद्यपदार्थ विकास गरिए। यी उत्पादन सीधै बजारमा नल्याइ विभिन्न विद्यालयमा परीक्षण गरि यो। बालबालिकाबाट खुवाएर उनी-हरुको प्रतिक्रिया बुझियो। क्यान्टिनमा पकाउनेलाई सजिलो छ कि छैन, स्वाद कस्तो लाग्छ, कुनै गुनासो आउँछ कि आउँदैन। यी सबै पक्षलाई ध्यानपूर्वक अध्ययन गरियो। यस प्रक्रिया केवल उत्पादन बनाउने होइन, प्रयोगयोग्य र स्वीकार्य बनाउने यात्रा थियो।

यी उत्पादनहरुको मूल विशेषता भनेको केवल पेट भर्ने होइन, शरीरलाई आवश्यक पोषण पुऱ्याउने हो। विश्व स्वास्थ्य संगठनको मापदण्डलाई आधार मानेर भिटामिन र मिनरल्सको मात्रा निर्धारण गरिन्छ। स्विट्जरल्याण्डको डीएसएम कम्पनीसँग सहकार्य गरी गुणस्तरीय पोषण तत्व थपिन्छ। तर, यससँगै परम्परागत ज्ञानलाई पनि त्यागिएको छैन। दालको बोका हटाउने प्रचलनलाई परिवर्तन गर्दै त्यसलाई यथावत् राखिएको छ, ताकि फाइबर र अन्य पोषक तत्वहरु जोगिन सकून्। मकै कोदो, फापर जस्ता स्थानीय अन्नलाई प्राथमि-कतामा राखिएको छ। यसरी आधुनिक विज्ञान र परम्परागत् ज्ञानको संयोजन बाट उत्पादन तयार गरिएको छ।

यी खाद्यपदार्थको अर्को विशेषता यसको प्रयोगमा सहजता हो। विद्यालयमा १०-१५ मिनेट मै तातो पानी प्रयोग गरेर तयार गर्न सकिन्छ। केही उत्पादन त पानीमा घोलेरै खान मिल्ने छन्। यसले विद्यालयका क्यान्टिनमा काम गर्नेहरुलाई पनि सहज बनाउँछ। तर, सबभन्दा महत्वपूर्ण कुरा यसको मूल्य हो। प्रतिबालबालिका २० रुपियाँको सीमाभित्र पोषणयुक्त खाना उपलब्ध गराउने लक्ष्यसहित उत्पादन विकास गरिएको छ। ठूलो मात्रामा उत्पादन गर्दा लागत घट्ने भएकाले यो सम्भव भएको हो।

एउटा बालबालिकाले वर्षमा करिब १ सय ८० पटक विद्यालयमा खाना खान्छ। यदि यही ठाउँमा पोषणयुक्त विकल्प उपलब्ध गराउन सकियो भने त्यसको प्रभाव दीर्घकालीन हुन्छ। यही कारणले कम्पनीले सुख्यातमा खुद्रा बजारभन्दा विद्यालयमै ध्यान केन्द्रित गरेको छ। हाल काठमाडौं उपत्यकाका केही निजी विद्यालयमा परीक्षणका रुपमा उत्पादन प्रयोग भइरहेको छ। सर-कारी विद्यालयमा विस्तार गर्न प्रक्रिया केही जटिल भए पनि आगामी शैक्षिक सत्रसँगै विस्तार गर्ने योजना बनाइएको छ।

यस पहल केवल खाद्य उत्पादनमा सीमित छैन। यसले कृषिसँग प्रत्यक्ष सम्बन्ध जोड्ने प्रयास पनि गरिरहेको छ। स्थानीय किसान-बाट कोदो, फापर जस्ता अन्न खरिद गर्ने, उत्पादनको सुनिश्चितता दिने र ग्रामीण क्षेत्रमा साना प्रशोधन केन्द्र स्थापना गर्ने योजना बनाइएको छ। यसले एकातिर उद्योगलाई आवश्यक कच्चापदार्थ सुनिश्चित गर्छ भने अर्कोतिर किसानलाई बजार र रोजगारी प्रदान गर्छ। स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने सम्भावना यसमा देखिन्छ।

यस प्रयासले प्रविधिलाई पनि सँगै अघि बढाइरहेको छ। कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गरेर पोषण मूल्यजाँच गर्ने, ब्लकचेनमार्फत् खाद्यको स्रोत ट्र्याक गर्ने र उपभोक्ताले लेबल स्क्यान गरेर खाद्यको गुणस्तर थाहा पाउने प्रणाली विकास भइरहेका छन्।

यसले कुन खाद्य कहाँबाट आयो भन्ने प्रश्नलाई स्पष्ट बनाउनेछ र उपभोक्तामा विश्वास बढाउनेछ। हाल कम्पनी सानो स्तरमा भए पनि लक्ष्य ठूलो छ। नेपालभर विस्तार गर्दै २०३० सम्म बंगलादेश, पाकिस्तान र अफगानिस्तान सम्म पुग्ने योजना बनाइएको छ। यसले एउटा स्पष्ट सन्देश दिएको छ। नेपालमा बनेका उत्पादनहरु पनि अन्तर्राष्ट्रिय बजा-रमा प्रतिस्पर्धा गर्न सक्षम छन्, यदि गुणस्तर र दृष्टिकोण स्पष्ट छ।

प्रशासनिक संरचनामा व्यापक फेरबदल

सन्देश संवाददाता

काठमाडौं/सरकारले २५ जना सहसचिवको सरुवा गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकबाट भएको निर्णयअनुसार संघीय प्रशासनिक संरचनालाई थप प्रभावकारी र सुदृढ बनाउने उद्धेश्यसहित विभिन्न मन्त्रालय, विभाग तथा निकायमा कार्यरत् सहसचिवहरुको जिम्मेवारी हेरफेर गरिएको हो।

सरुवा निर्णयसँगै केही महत्वपूर्ण मन्त्रालय र संवैधानिक निकायहरुमा नयाँ प्रशासनिक नेतृत्व पुगेको छ भने केही सहसचिवलाई प्रदेश तथा स्थानीय तहका समन्वयकारी निकायमा खटाइएको छ। प्रशासनिकस्रोतका अनुसार सेवाप्रवाहलाई चुस्त, दुरुस्त र परि णाममुखी बनाउने सरकारको नीतिअनुसार नियमितरुपमा सरुवा प्रक्रिया अघि बढाइएको हो। सामान्य प्रशासन मन्त्रालयका अनुसार सरुवा भएका सहसचिवहरुलाई तत्काल नयाँ जिम्मेवारी सम्हाल निर्देशन दिइएको छ।

यसअघि विभिन्न मन्त्रालयमा लामो समयदेखि कार्यरत् केही सहसचिवको कार्यसम्पादन मूल्यांकन र आवश्यकतालाई जिम्मेवारी परिवर्तन गरिएको बताइएको छ। प्रशासनिक वृत्तमा भने यस सरुवालाई नियमित प्रशासनिक अभ्यासका रुपमा लिइएको छ। यद्यपि, केही स्थानमा स्थानीय सरकार त्यसतर्फ केन्द्रित रहेको बताए। नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले सफारी मार्टलाई नेपालको पर्यटन क्षेत्रमा ऐतिहासिक उपलब्धिका रुपमा चित्रण गरे। उनले यस कार्यक्रम जिम्मेवार र दीगो पर्यटन प्रवर्द्धन गर्ने नयाँ अवधारणा भएको स्पष्ट पारे। बोर्ड उपाध्यक्ष र लमपसाद सापकोटाले यसलाई केवल व्यापारिक कार्यक्रम नभइ सबै सरो-कारवाललाई जोड्ने साझा प्लेट फर्मका रुपमा ब्याख्या गरे। विरिष्ठ प्रबन्धक सूर्य थापलियाले पनि उक्त मार्ट रणनीतिकरुपमा महत्वपूर्ण भएको र दीर्घकालीन पर्यटन विकासमा योगदान पुऱ्याउने बताए।

अन्तर्राष्ट्रिय संरक्षणविद् तथा प्रमुख वक्ता मोहित अग्रवालले विश्वभर जिम्मेवार पर्यटनको माग तीव्ररुपमा बढिरहेको उल्लेख गरे। उनका अनुसार हाल पर्यटकहरु त्यस्ता गन्तव्य रोज्न थालेका छन्, जहाँ प्रकृति संरक्षण र पर्यटनबीच सन्तुलन कायम हुन्छ र स्थानीय समुदायसँग गहिरो सम्बन्ध स्थापित हुन्छ। कार्यक्रममा डा.विश्वराज सुवेदीले चितवनको पर्यटन क्षेत्रका सम्भावना र चुनौतीबारे प्रस्तुति दिएका थिए। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत गणेश पन्तले संर क्षणका उपलब्धि तथा आगामी प्राथमिकताबारे जानकारी गराएका थिए। कार्यक्रमले चितवनलाई अन्तर र ाष्ट्रिय पर्यटन नक्सामा अझ मजबुतरुपमा स्थापित गर्ने अपेक्षा गरिएको छ।

मेघौलीमा वाइल्ड नेपाल सफारी मार्ट सुरु

सन्देश संवाददाता

चितवन/नेपाल पर्यटन बोर्डले पहिलोपटक चितवनको मेघौलीमा *वाइल्ड नेपाल सफारी मार्ट* २०२६ को औपचारिक सुरुआत गरेको छ। स्थानीय सरकार, पर्यटन व्यवसायी र सरोकारवालाको सहकार्यमा आयोजना गरिएको कार्यक्रममले नेपालको वन्यजन्तु पर्यटनलाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

उद्घाटन समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले नेपालबाहिर हिमालको मात्र होइन, समृद्ध जैविक विविधता, जीवित सांस्कृतिक सम्पदा र विश्वस्तरीय वन्यजन्तु पर्यटनका कारण पनि चिनिने देशका रुपमा प्रस्तुत गरे। उनले यस्तो किसिमको माटले अन्तर्राष्ट्रिय बजारमा नेपालको छुट्टै पहिचान स्थापित गर्न महत्व पुर्ने विश्वास व्यक्त गरे। कार्यक्रममा हुने छलफल र अन्तर्क्रियाले नयाँ लगानी भित्र्याउने, सहकार्य विस्तार गर्ने र वन्यजन्तु पर्यटनका नयाँ सम्भावना खोज्ने अवसर सिर्जना गर्ने बताए।

भरतपुर महानगरपालिका कार्यवाहक प्रमुख चित्रसेन अधिका-रीले चितवन र मेघौलीलाई विश्वस्तरीय वन्यजन्तु पर्यटन गन्तव्यका रुपमा विकास गर्न स्थानीय तह प्रतिबद्ध रहेको उल्लेख गरे। उनले दीगो पूर्वाधार निर्माण र समुदायको सक्रिय सहभागिताबिना पर्यटन विकास सम्भव नभएको भन्दै स्थानीय सरकार त्यसतर्फ केन्द्रित रहेको बताए। नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले सफारी मार्टलाई नेपालको पर्यटन क्षेत्रमा ऐतिहासिक उपलब्धिका रुपमा चित्रण गरे। उनले यस कार्यक्रम जिम्मेवार र दीगो पर्यटन प्रवर्द्धन गर्ने नयाँ अवधारणा भएको स्पष्ट पारे। बोर्ड उपाध्यक्ष र लमपसाद सापकोटाले यसलाई केवल व्यापारिक कार्यक्रम नभइ सबै सरो-कारवाललाई जोड्ने साझा प्लेट फर्मका रुपमा ब्याख्या गरे। विरिष्ठ प्रबन्धक सूर्य थापलियाले पनि उक्त मार्ट रणनीतिकरुपमा महत्वपूर्ण भएको र दीर्घकालीन पर्यटन विकासमा योगदान पुऱ्याउने बताए।

बागमतीको नयाँ बजेट निर्देशिका जारी

बजेट आकार घट्ने, टुक्रे योजनाहरु बन्देज

सन्देश संवाददाता

हेटौंडा/आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति कार्यक्रम तथा बजेट निर्माणमा जुटेको बागमती प्रदेश सरकारले टुक्रे योजना बन्देज गर्ने, बजेटको आकार घटाउने तथा क्रमागत योजनालाई निस्तेज गर्ने भएको छ । आगामी आव २०८३/८४ को 'बजेट तर्जुमा तथा आयोजना छनौट निर्देशिका' सार्वजनिक गर्दै प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तर्जुमा प्रक्रियालाई नतिजा-मुखी बनाउने उल्लेख गरेको हो ।

मन्त्रालयले जारी गरेको यो निर्देशिकाले विगतमा आलोचनाको विषय बन्ने गरेका टुक्रे योजना-हरुलाई पूर्णरुपमा निरुत्साहित गर्ने लक्ष्य छ। प्रदेश सरकारले नतिजामुखी बजेट निर्माण गर्ने भन्दै टुक्रे योजना नबनाइने निर्देशिकामा उल्लेख छ ।

मन्त्रालयका अनुसार अब प्रदेश सरकारले साना योजनामा लगानी गर्ने छैन। सामाजिक क्षेत्रका योजनाका लागि न्यूनतम २० लाख रुपैयाँ र भौतिक पूर्वाधारका योजनाका लागि कम्तीमा ५० लाख रुपैयाँ विनियोजन हुनुपर्ने अनिवार्य सीमा तोकिएको छ । यसले ५/१० लाखका खुद्रा योजनाहरूलाई विस्थापित गरी ठूला र गौरवका आयोजनामा ध्यान केन्द्रित गर्ने देखिएको छ ।

निर्देशिकाले आयोजनाको लागतका आधारमा सम्पन्न गर्नुपर्ने अवधिसमेत किटान गरिदिएको छ। अबदेखि विषयगत मन्त्रालयहरूले नयाँ पूर्वाधार आयोजना प्रस्ताव गर्दा लागतका आधारमा निश्चित समयभित्र सम्पन्न गर्ने कार्ययोजना पेश गर्नुपर्ने उल्लेख गरिएको छ ।

नयाँ व्यवस्था अनुसार विषयगत मन्त्रालयहरूले १० करोड रुपैयाँसम्म लागत भएका पूर्वाधार आयोजनाहरू दुई आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नुपर्नेछ । त्यस्तै, १० करोडदेखि २० करोड रुपैयाँसम्म लागत भएका आयोजनाका लागि बढीमा तीन वर्ष र २० करोड देखि ५० करोड रुपैयाँसम्म लागत भएका आयोजनाका लागि बढीमा ४ वर्षको समयसीमा तोकिएको छ।

५० करोड रुपैयाँभन्दा बढी लागत भएका जटिलसृकै ठूला आयोजना भए पनि अब पाँच वर्षभित्र अनिवार्यरूपमा सम्पन्न गरिसक्नुपर्ने कडा प्रावधान निर्देशिकामा राखिएको छ। यसअघि साना आयोजनाहरू पनि दशकौंसम्म 'क्रमागत' भन्दै बजेट ओगट्ने तर सम्पन्न नहुने प्रवृत्ति बढेपछि यस्तो कदम चालिएको मन्त्रालयले जनाएको छ। यसले ठेक्केदार र सम्बन्धित मन्त्रालयलाई आयोजना समयमै सक्न जिम्मेवार बनाउने अपेक्षा गरि-एको आर्थिक मामिला मन्त्री तामाङ बताउँछन्।

निर्देशिकाले बजेट प्रस्ताव गर्दा आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिनुपर्ने र बाँकी स्थानमा स्थानीय तह, निर्वाचन क्षेत्र र जिल्लागत सन्तुलन कायम गर्नुपर्ने स्पष्ट पारेको छ । साधारण खर्च र वित्तीय व्यवस्थाको बजेट प्रस्ताव गर्दा पनि अब मन्त्रालयहरूले स्पष्ट आधार र तथ्यगत विवरण खुलाउनु पर्नेछ ।

बाँकी ३ पेजमा . . .

कहिले पाइएला दूधको ३१ करोड ?

लामिटार वनको अध्यक्षमा पुनः खतिवडा

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरका दुग्ध उत्पादक किसानले दूध बिक्री गरेबापत् पाउनुपर्ने करिब ३१ करोड भुक्तानी पाउन सकेका छैनन्। पछिल्ला तीन महिनादेखिको दूधको रकम विभिन्न दुग्ध उद्योग तथा डेरीहरुले रोकि-राख्दा दुग्ध किसान आर्थिक संकटमा परेका छन्।

मकवानपुरसहित विभिन्न जिल्लामा सञ्चालनमा रहेका करिब २० वटा दुग्धजन्य उद्योगहरुले किसान-बाट दूध संकलन गर्ने पनि समयमै भुक्तानी नगरेर आलटाल गरिरहेको गुनासो बढ्दो छ । सरकारी स्वामित्वमा रहेको हेटौंडा दुग्ध वित-रण आयोजनासमेत समयमै भुक्तानी गर्न नसक्दा किसानको समस्या झन् गहिरिएको छ ।

विशेषगरि हेटौंडास्थित गायत्री डेरी, शुभ डेरी र स्यासँकालिका डेरीले किसानलाई करोडौं भुक्तानी गर्न बाँकी रहेको बताइएको छ। दुध बेचेर दैनिक घरखर्च चलाउने, पशुचारा खरिद गर्ने र बैंकको किस्ता तिर्ने किसानहरु रकम नपाउँदा निकै अठ्यारोमा परेका हुन्। जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड मकवानपुर अध्यक्ष हरिप्रसाद कँडेलका अनुसार उद्योगहरुले किसानसँग उधारोमा दुध खरिद गर्ने तर उपभोक्तालाई भने नगदमा बिक्री गर्ने प्रवृत्तिले किसानमाथि अन्याय भइरहेको छ । 'किसानले विहान-बेलुका दुःख गरेर उत्पादन गरेको दूध उद्योगले उठाउँछन्, बजारमा नगद बेचिन्छ । तर, किसानले महिनौं सम्म पैसा पाउँदैनन्,' अध्यक्ष कँडेलले भने-यसले किसानको मनोबल घटाएको छ । कतिपयले गाईभैंसी पाल्ने छाड्ने अवस्था आउँदैछ ।

दूधको भुक्तानी रोकिँदा किसानहरु पशुचारा खरिद गर्न, पशुको उपचार गर्न र दैनिक घर खर्च चलाउनसमेत ऋण खोज्न बाध्य भएका छन्। केही किसानले सहका-रीमार्फत् ऋण लिएर व्यवसाय धानेका छन् भने कतिपयले गाईभैंसी बेच्ने तयारी थालेका छन्। किसानले राज्य र सम्बन्धित निकायलाई पटक पटक ध्यानाकर्षण गराए पनि समस्या समाधान हुन नसकेको गुनासो गरेका छन्।

उनीहरुले तत्काल बक्यौता रकम भुक्तानी गराउन र उद्योगहरु लाई जिम्मेवार बनाउन सरकारसँग माग गरेका छन्।

दुग्ध उत्पादनलाई ग्रामीण अर्थतन्त्रको मुख्य आधार मानिने मकवानपुरमा यस्तो अवस्था लम्बिँदै जाँदा किसानको जीविकोपार्जनमात्र होइन, समग्र दुग्ध उत्पादन प्रणालीमै असर पर्ने चिन्ता सरोकारवालाले व्यक्त गरेका छन्।

सहमति नहुँदा बागमतीको सभामुख चयन अन्यौलमा

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सभाको सभामुख चयन प्रक्रिया अन्यौल बनेको छ। रिक्त सभामुख पदमा सत्तारुढ नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दावी नछाडेपछि सहमति कायम हुन सकेको छैन।

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जेनजी आन्दोलनलगत्तै गत असोज १ गते सभामुख पदबाट राजीनामा दिएपछि सभामुख पद रिक्त भएको थियो। प्रदेशसभाको बैठक बसेको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने सैवैधानिक व्यवस्था छ।

यही वैशाख ८ गते सभामुख चयनका लागि प्रक्रिया अघि बढाउने तयारी भए पनि दलहरूबीच सहमति नभएकाले दिला भएको नेपाली कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताए। रिक्त सभामुख पदका लागि सत्तारुढ र प्रतिपक्ष दलहरूले दावी गर्दै आएका छन्।

प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने दावी गर्नु स्वभाविक भएको कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताए। 'एमालेले पनि सभामुखको दावी गरिरहेको छ, हामीले सत्तारुढ दलको बीचमा सहमति कायम गरेर अघि बढ्न चाहिरहेका छौं', उनले भने, 'ठूलो दलको नातालले कांग्रेसलाई सभामुख दिनुपर्छ भन्ने हो ।' सत्तारुढ दलबीच सहमति गरेर अघि बढ्ने उनको भनाइ छ।

अर्को सत्तारुढ दल एमालेले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुख आफ्नो दलले पाउनुपर्ने दावी गरेको छ । एमाले संसदीय दलका प्रमुख सचेतक एकलाल श्रेष्ठले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुखमा आफ्नो दलको दावी रहेको बताउँदै त्यसमा दुई दलबीच कुनै विवाद नरहेको उल्लेख गरे । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलबीच सहमति कायम गरेर सहमतिका आधारमा सभामुख चयन गर्न खोजेकाले केही ढिलाइ भएको उनको भनाइ छ ।

नेपाली कम्युनिष्ट पार्टीका नेता शालिकराम जम्कहेलले सरकार र सदनबीच सन्तुलन कायम राख्न प्रमुख प्रतिपक्ष दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने बताए। सभामुखमा आफ्नो दलको दावी रहेको बताउँदै उनले सत्तापक्षबीच सहमति नभए आफ्नो दलले सभामुखमा उम्मेदवारी दिने उल्लेख गरे ।

'हामीले सत्तारुढ दललाई तपाईं सरकार चलाउनुस्, सदनको नेतृत्व हामीलाई दिनुस् भनिरहेका छौं', नेता जम्कहेलले भने, 'शक्ति सन्तुलनका लागि प्रतिपक्षको दावी स्वभाविक हो, यसले एउटा राम्रो सन्देश जान्छ। सत्तारुढ दलबीच कुरा मिल्यो भन्ने ठिकै छ, नत्र हामीले उम्मेदवारी दिन्छौं ।' राष्ट्रिय प्रजातन्त्र पार्टी (रास्वपा) ले सभामुखमा आफ्नो पार्टी पनि दावी गरेको छ। रास्पा संसदीय दलका नेता उद्धव थापाले आफ्ना पार्टीबाट सभामुख भएको पाठकले राजीनामा दिएकाले पुनः सभामुख आफ्नो दलले पाउनुपर्ने बताए।

एक सय चार सदस्यीय बागमती प्रदेशसभामा नेपाली कांग्रेसको ३५, नेकपा एमालेका २५, नेपाली कम्युनिष्ट पार्टीको २६, राष्ट्रिय प्रजातन्त्र पार्टीको १३, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई जना प्रदेशसभा सदस्य छन्।

काठमाण्डौ-तराई फास्ट ट्र्याक शुरुमा दुई लेन चल्ने

सन्देश संवाददाता

हेटौंडा/संघीय राजधानी काठमाडौलाई तराईसंग जोड्ने लक्ष्य लिएर थालिएको काठमाडौं-तराई फास्ट ट्र्याक समयमै बन्न नसके पछि सरकारले वैकल्पिक उपायबाट छिटो सञ्चालनमा ल्याउने भएको छ।

पछिल्लो पटक थप गरिएको म्यादमा पनि फास्ट ट्र्याक सम्पन्न नहुने निष्कर्षसहित सरकारले एकै पटक चार लेन बनाउनु भन्दा पहिलो चरणमा दुई लेनको सडक बनाएर यातायात सञ्चालन गर्ने योजना अघि सारेको छ। सो योजनामा अहिले राष्ट्रिय योजना आयोगले कामलाई तीव्रता दिएको छ।

दूतमार्गको निर्माणमा भइरहेको ढिलाइका कारण आम नागरिकले पाउनुपर्ने सेवा नभएको भन्दै यस्तो प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत नेपाली सेनालाई पठाउन लागिएको आयोगले जनाएको छ।

तत्काल दुई लेन सडक निर्माण गरेर सञ्चालन गर्दा सेनाले ढिलाइको अपजस लिनु नपर्ने र नागरिकले पनि छोटो बाटोबाट यात्रा गर्न पाउने उनले बताए। जतिसक्दो चाँडो काम थाल्दा पनि दुई लेनको सडक २०८४ सम्म तयार गर्न सकिने आयोगले जनाएको छ।

फास्ट ट्र्याकको म्याद २०८३ चैत मसान्तसम्म रहेको छ। तर, यस अवधिमा पनि काम सम्पन्न हुने निश्चित छैन। २०८२ माघ मसान्तसम्म फास्ट ट्र्याकको भौतिक प्रगति ४५.८६ प्रतिशत मात्र हासिल भएको सेनाले जनाएको छ। खोकना-डुक्छुप खण्डमा स्थानीयले धार्मिक एवं सांस्कृतिक कारण देखाई जग्गा अधिग्रहणमा अवरोध गर्दा यस खण्डमा पर्ने प्याकेज नम्बर ११ को निर्माणको लागि हालसम्म खरिद प्रक्रिया अघि बढ्न सकेको छैन।

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
विचार
आइतबार १३ बैशाख २०८३
Sunday 26 April 2026

उखान: काम छैन काज छैन, खाने बेलामा लाज छैन ।

॥॥ बेलाको बोली ॥॥

एउटा उत्कृष्ट कुरा सिंहबाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनबाटै र जोडदार प्रयासका साथ गर । - *चाणक्य*

सम्पादकीय

ब्यवहारिक निर्देशन देउ

नेपाल सरकारको पछिल्ला दुई वटा निर्णयहरूलाई नेपाली जनताले पुर्णरूपमा आत्मासाथ गर्न सकिरहेका छैनन । जसमध्ये शनिवार र आईतवार बिदा दिने बिषय । यो बिषय आफैंमा नराम्रो होइन। संसारभरि यस किसिमको बिदा अभ्यास भइरहेको छ। हामी नेपालीले पनि दुई दिन बिदा लिएर बाँकी पाँच दिन राम्रोसँग काम गरे नहुने होइन । तर, बिगतमा दिइएका यस्ता बिदाको प्रभावकारिता नदेखिएपछि सरकार निर्णय उल्ट्याउन बाध्य भएको हो। तर सधैं एउटै परिस्थिति हुँदैन। विगतको यस्तो अभ्यास सफल भएन भन्दैमा अहिले पनि त्यही हुन्छ भन्ने होइन। मानसिकतामा परिवर्तन भएर र बाँकी पाँच दिनमा बढीभन्दा बढी काम गरेर दुई दिन छुट्टी लिने अवस्थाको सकारात्मक प्रभाव पनि पर्न सक्छ।

बिगतमा दुई दिन छुट्टी भएपछि टाढाटाढाबाट सेवा लिन पुग्ने सर्वसाधारणलाई मर्का परेको ठानिएको थियो। कसैको काम शुक्रबार सकिएन भने उसले सोमबारसम्म पर्खिनुपर्ने अवस्था प्रीतिकर नहुन सक्छ। यस्तो काममा सर्वसाधारणलाई बढीभन्दा बढी सहज बनाएपछि भने त्यसको फाइदा देखिन सक्छ। दुई दिनको सरकारी कार्यालय बन्दले इन्धन, बिजुली, पानीलगायतका अन्य सेवा तथा सुविधाको प्रयोगमा कटौती हुँदा राज्यलाई फाइदा पुग्छ। अहिलेको जस्तो इन्धनको मुल्य अन्तर्राष्ट्रियस्तरमै समस्या परेको बेलामा यसबाट स्थिति सहज हुन्छ। र अर्को बिषय भनेको बिद्यालय खोल्ने बिषय । यस बिषयलाई पनि बिशेष गरेर नेपालका केही पालिकाहरूले संघीय सरकारको बर्खिलापमा गएर सरकारले तोकेको समयभन्दा अघि नै बिद्यालय खोलिसकेका छन भने केहीले सरकारको निर्देशन मान्नेमा छन् ।

सरकारको कुनै पनि निर्देशन जनहितको लागि जारी भएको हुन्छ जसको कार्यान्वयन बिशेष गरेर राष्ट्रसेवक कर्मचारीहरूबाट सेवाको डेलिभरी हुनुपर्छ । तर, कर्मचारीले नियमअनुसार काम गरेर भने उसलाई दण्ड जरिवाना वा नसिहत गर्ने कसले भन्ने बिषय अहन बनेको हुन्छ । सरकारको नियम कानुन नमान्ने कर्मचारीलाई जुनसकै दलको भएता पनि निर्मम भएर कारवाहीको दायरामा न्याउन सुकिएन भनेर सरकारनै फेल भएको मानिन्छ । त्यसैले सरकारले जुन जुन निर्देशन जारी गर्छ त्यसलाई अक्षरश पालना गर्नु हरेक राष्ट्र सेवकको कर्तन्य हुन आउछ ।

मकवानपुरमा आज

१: जानकारीमा नआएको

तपाईंको आज

मेष	समस्याप्रति गम्भीर नबन्दा दुःख पाईनेछ । वादविवादले मन खिन्न तुल्याउनेछ । स्वास्थ्यका लागि खानपानमा ध्यान पुऱ्याउनु होला ।	बृष	बाध्यात्मक परिस्थितिले सताए पनि मध्यान्हपछि स्थितिमा सुधार आउनेछ । प्रयत्न गर्दा भौतिक सुविधाका वस्तुहरू जुट्नेछन् ।
मिथुन	काम गर्न बिहानको समय अनुकूल छ । व्यापारमा लाभ हुनेछ । प्रेम वा मित्रताको बन्धन कसिनेछ । आफन्तको साथ पाईनेछ ।	कर्कट	भौतिक वस्तुहरू जुटाउन सकिनेछ । साँझतिर काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनु पर्ने देखिन्छ ।
सिंह	सस्तो लाभमा लोभिँदा व्यर्थैमा खर्च हुनेछ । खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला ।	कन्या	साँझतिर कामबाट फुर्सद पाइनेछ । रमाइलो यात्रा गर्ने साइत जुर्नेछ । अतिथिकारूपमा प्राप्त होला । टाढिएका साथीसँग भेटघाट हुनेछ ।
तुला	शुभचिन्तकहरूको साथ प्राप्त हुनुका उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र बन्नेछ । लेखन कलामा पनि निखारता आउने योग छ ।	बृश्चिक	रोकिएका काम बन्नाले नयाँ कामतर्फ आकर्षित भईनेछ । बिवादजन्य काममा हात हाल्दा आलोचित बन्नुपर्ने हुन सकिनेछ ।
धनु	परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला । समयमा लिन नसक्दा काम रोकिन सक्छ ।	मकर	साँझतिर स्थितिमा सुधार आउनाले नयाँ कामतर्फ अग्रसर भइनेछ । साथीभाइको सहयोग जुट्नेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।
कुम्भ	मिहिनेतले व्यक्तित्व निखार्ने समय छ । दिगो योजना प्रारम्भ हुन सक्छ । फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।	मिन	आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । आफन्तजनबाट टाढिनुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

ऋणले बेसाएको घ्यूले ज्यान तङ्गिंदैन

✍प्रा. डा. हरि शर्मा

परिवर्तनको चाहना मानिसको जन्मजात स्वभाव हो । प्रकृतिको नियम पनि हो । यथास्थितिले हाम्रो मन:स्थितिलाई निस्तेज, फिक्का, निष्क्रिय, सुस्त, अल्छी र जाँगरहीन बनाउँछ । हामीले हर हमेसा अनुभव गर्दै आइरहेका विषय हुन् यी । समयको सदुपयोग भनेकै सृजनात्मक सक्रियता हो । सामाजिक प्राणीहरूको सक्रियताले नै समाजलाई समृद्धितर्फ अग्रसर हुन संकेत गर्छ । समृद्धिले नवीनता निम्त्याउँछ ।

निर्माण फैलाउँछ र उत्पादनको दीर्घ बहुप्रतीक्षित फल प्राप्त भई सपनाको चुलोमा आगो बल्न थाल्छ । अर्थोपार्जनमा निरन्तर सघाउँछ । अहिले नेपालमा जेन-जी आन्दोलनपश्चात् युवा प्रमिथिएसहरूको सरकार बनेको छ । अनेकौं प्रयासका बाबजुद पनि नैराश्यताको सीमा रेखासम्म लखेटिएका तमाम नेपालीहरूको चाहनाले सार्थकता पाउँदै गरेको बदलिंदो सामाजिक, आर्थिक र राजनीतिक एवम् कूटनीतिक धरातलमा जग बसाल्दै गइरहेको स्पष्ट बोध गर्न सकिन्छ । प्राचीन ग्रिक मिथकका शक्तिशाली पात्र प्रमिथिएसकै रूपमा राजनीतिक अवतार उदाएको छ, एउटा नौलो बिहानी हाम्रो भूमिमा । अतुलनीय व्यक्तित्व र स्वभावका धनी प्रम बालेन शाहमा संसारको नजर अडिएको छ ।

भारतीय तथा बाहय संसारका सबैले बडो कौतूहलताका साथ उनले अघि सारेका कार्यक्रम-हरूलाई नियालिरहेका छन् । यो देशमा बालेनका कोही पनि विपक्षी हुन सक्ने सम्भावना क्षीण छ । सत्तासीन हुनेबित्तिकै राष्ट्रिय मान्यताप्राप्त ६ वटै राजनीतिक दलसंग सहकार्य गर्ने नीतिले बालेन सरकारको राजनीतिक परिपक्वता दर्साउँछ । उनले सबै दलका प्रतिबद्धताहरू संगालेर १८ बुँदे साझा प्रतिबद्धताको निर्माण गरिसके र बृहत्तर परिप्रेक्ष्यमा दक्ष युवाशक्तिको समूह तयार पार्न 'ब्रेन ड्रेन' को कुप्रथा नासेर 'ब्रेन गेन' को बाघचाल चलाउने तयारीमा रहेको बुझिन्छ । कम बोल्ने धेरै सोच्ने उनको प्रवृत्तिले सुधार, श्रृजना र सत्मार्गको पथ ओगटेको हामीले बुझ्दै आएका छौं । उनले दक्षता हासिल गरेको 'स्ट्रक्चरल इन्जिनियरिङ' (संर-चनात्मक अभियान्त्रिकी) को ज्ञानलाई उनले प्राथ-मिकतामा गाभेका प्रत्येक राष्ट्रिय एजेण्डामा फल-दायीरूपमा प्रयोग गर्दै जाने संकल्प लिएको बुझिन्छ ।

उनी सक्रिय राजनीतिमा देखिनु र मौलाउनु अघि केही मूर्ख मित्रहरूले सञ्चारमाध्यमहरूमा परोक्ष वा अपरोक्ष, बुझेर हो वा नबुझेर हो, लुसिफरको संज्ञा दिन पछि परेनन् । लुसिफर पात्रको चरित्र चित्रण गर्दा उसलाई 'विद्रोही' र अति 'घमण्ड' बाट प्रेरित र 'पतनको प्रतीक' स्वरूप लिइन्छ । सायद ती मूर्ख मित्रहरूले अहिले अनुभव गरिरहेका होलान्, ऊ त लुसिफर होइन, तीन करोड नेपाली जनताका साथसाथै सम्पूर्ण विश्वको हृदयमा र जगजसाथ बसिरहेको मानवताप्रेमी रक्षक प्रमिथिएस हो । हाम्रो प्रमिथिएस संकुचनमुक्त मानव कल्याणका लागि समर्पित जननेता हो । कुनै बेला महामानव कहलिएका नेपालमा प्रजातन्त्र स्थापनाका लागि राजतन्त्रको कुनै विरोध नगरी आन्दोलन सुरु गर्ने महान् नेता बीपी कोइराला पनि बालेनको लोकप्रिय-ताको उचाइमा पुगेका थिए भन्न सकिएला र ?

आजको विश्व युवाहरूको विश्व हो । युवाहरू नै भावी सपनाका राष्ट्रका संवाहक हुन् । युवाहरूका आँखामा राष्ट्रको भविष्य चम्किरहेको देखिन्छ । सपना लिएर बस्ने मात्र होइन युवाहरूले, ती पूरा गर्ने हुटहुटीले भरिएको हुन्छ तिनको मन पनि । आगामी अप्रिल २५ र २६ तारेखका दिन संयुक्त राज्य अमेरिकाको हवाई विश्वविद्यालय र एमआइटीले संयुक्तरूपमा नेपाल संवाद कार्यक्रमको आयोजना गरेका छन् । यो नेपाली युवाप्रतिको एउटा अविस्मरणीय आदर र सम्मान हो । निजामती सेवामा कार्यरत युवाहरूकै अगुवाइमा देशैभरिका प्रशासनिक एकाइहरूमा सेवाग्राहीको सहजताका लागि स्वत:स्फूर्तरूपमा सेवा प्रणाली बन्दै जानुलाई पनि आमजनताको सरकारप्रति अटल विश्वास र सहयोगका रूपमा लिइएको छ । विश्वमा यस्तो मुलुक छैन, जहाँ वर्तमान नेपाली युवा सरकारको चर्चा नचुलिएको होस् ।

नेपाल वास्तवमा एसिया महादेशकै एउटा नमुना मुलुकको रूपमा विकसित भइरहेको अनुभूति गर्न सकिन्छ । इतिहासमा खुकुरी चलाउन र इमान्दारी साथ आफ्नो कर्तव्य निर्वाह गर्ने जातिका रूपमा ख्याति कमाएका नेपालीहरू आज मुलुकमा आफ्ना सन्तानले हरेक क्षेत्रमा आफ्ना इलमको कोसेढुंगा स्थापित गरेको देख्दा गद्गद् छन् । तिनैका पौरखले देशको अर्थतन्त्र ३ प्रतिशत मात्रै भए पनि बढेकै छ । साहूहरूको डोकोको भारी र २७ अर्बभन्दा बढी ऋणको बोझ त नेपालीका निधारमा दैवले नै कोरिएको हुनुपर्छ । बालेन सरकारले ल्याएका आर्थिक सुधारका कार्यक्रमहरू यदि सुचारुरूपले परिचालित भएको खण्डमा नि:सन्देह सुदूर अब दूर नाई भन्न सकिन्थ्यो । तर, त्यो हेर्न पनि हामीले कम्तीमा एक -डेढ वर्ष त कुर्नैपर्छ । देशले अब एउटा दिशा समातेको छ र त्यो दिशातर्फको गतिलाई तीव्रता दिन प्रशासकीय संयन्त्रसँग गाँसिएका थरी-थरीका गियरहरू व्यस्त रहेको अवस्था छ ।

प्रदेश खारेजीको विषय अझ पनि पेपर वेटमुनि नै रहेको बुझिन्छ । पश्चिम एसियामा रन्केको द्वन्द्वले हाम्रो स्वतन्त्र अस्तित्वअगाडि अहिलेको घडीसम्म कुनै चुनौती खडा गर्न असमर्थ नै रहेको भए तापनि आपूर्तितर्फको लकिरले शुभ संकेत दिन सकेको छैन । गत ९ महिनाको अवधिमा लगभग सवा २ खर्ब रुपैयाँको निर्यात भएको छ भने १५ खर्बको आयात भएको छ । कुल वैदेशिक व्यापारमा नेपालको निर्यातको भाग १३.१ प्रतिशत र आयातको भाग ८६.९९ प्रतिशत रहेको आर्थिक विषयका जानकारहरूको भनाइ छ । यसरी हेर्दा हाम्रो बिगत आर्थिक हिसाबले जति बोझिलो थियो, त्यो हलुका हुँदै जानुको सट्टा झन्झन् बोझिलो नै हुँदै गइ-रहेको व्यापार-व्यवसायीहरूको बुझाइ छ । मुलुकको आर्थिक अवस्था बृहत्तर हुँदै जाने र हामीले हैन, हामी सुधिँदै गइरहेका छौं भन्दै जानु परस्परमा बाझिएका विषयहरू हुन् । एकातिर आमनेपालीको जीविकोपार्जन कठिन बन्दै गइरहेको छ भने अर्कातिर सहर-बजारहरूमा सैकडौं नयाँ इभी सवारीहरूको व्यापार बढिरहेको छ ।

उत्पादन बढ्दा उत्पादकत्व पनि बढेको ठहरिने सिद्धान्त के कृषिमा मात्रै सीमित राख्ने वा लागु भएको ठहरिने सिद्धान्त हो ? उत्पादकत्व (प्रडक्टिभिटी) श्रमबजारको सर्वश्रेष्ठ उपज हो । उपभोक्ताको रोजाइमा चल्नुपर्ने बजार खाए खा, नखाए घिच्को वातावरणमा चलिरहेको जगजाहेरै छ । मूल्य अनियन्त्रित छ । जता गए पनि रोजगारका अवसरबाट वञ्चित जनसमुदाय नै सानातिना व्यवसायमा आफ्नो भाग्य-परीक्षण गरिरहेको देखिन्छ । हिजो १०-१५ रुपैयाँमा एक गिलास चिया पाइन्थ्यो सडकछेउका चिया पसलहरूमा, आज ३० रुपैयाँ तिर्नुपर्छ एक कप चियाको । सहरी रेस्टुराँहरूमा त चिया र कफीको मोल झण्डै उस्तै भइसक्न थालिसक्यो । हाम्रा समस्याहरूको जरो (रुट) यतै कतै छ । व्यवसायीहरूको शीघ्र अर्थोपार्जनको महत्वाकांक्षा र बजार अनुगमन तथा नियन्त्रणको शून्य उपस्थिति । सीमित आयस्रोतका फाटक उघार्दै आफ्ना आधारभूत आवश्यकता-हरूको परिपूर्तिका लागि तंछाडमछाड गर्दै बजार दौडने हामी उपभोक्ता घर फर्कंदा सन्तोषका झोला भरेर होइन, भुक्तभोगीको कुट अनुभव लिएर फर्कने गरेको तीतो सत्यको स्वाद सबै नेपाली आमजनतासँग छ ।

मुलुकमा अर्थव्यवस्थाको गहन जिम्मेवारी लिएर बसेका सम्बन्धित निकाय र पदासीन व्यक्ति-हरूको कथन र वास्तविक एवम् व्यावहारिक सत्यता बीचको पार्थक्यता यही हो । लक्ष्य त उच्च छ, हाम्रो नेपालीको प्रतिव्यक्ति वार्षिक आय वि.सं. २०१४-१५ तिर युएस डलर ७५८, वि.सं. २०२० तिर युएस डलर ११५०-१२५०, वि.सं. २०२३-२५ तिर उपर्युक्त रकम बढेर युएस १५४० देखि १५६६ पुग्ने अनुमान लगाइएको थियो भने वचनम् किम दरिदम भनेजस्तै आगामी ५ वर्षभित्र यो आँकडा युएस डलर ३ हजार पुऱ्याउने लक्ष्य भएको छ ।

सम्भवत: राज्य यो लक्ष्य हासिल गर्न निश्चय पनि गम्भीर तवरले जुटेको छ । तर प्रश्न उठ्छ, राज्यमा प्रतिव्यक्तिको आय वृद्धि गर्नका लागि अहिलेसम्म अवलम्बन गरिँदै आएका प्रत्यक्ष आधार भूत पूर्वाधार निर्माणतर्फ चालेका कामहरू के हुन् त ? भ्रष्टाचार उन्मूलनतर्फ सर्वसाधारण सबैले अनुभव गर्न सक्ने गरी केही महत्वपूर्ण काम नभएका होइनन् तर भ्रष्टाचारबाट कमाएको धनको राष्ट्रियकरण भएको कुनै समाचार किन कसैले सार्वजनिक गर्ने आँट गरिरहेका छैनन् । ठूला माछाहरू त झ्यापझ्याप्ती समातिए तर तिनको सम्पत्तिको संरक्षण कसरी, कहाँ र किन भइ-रहेको छ । कि हामीले जानेबुझेका र सुनेका सर-कारका उद्गारहरू कुनै नाटकका संवाद मात्र हुन् ? स्वीस बैंक, कम्बोडियाका बैंक, दुबई र अन्यत्र बैंकमा लुकाइएर राखेका धनउपर सरकारी अख्तियारी असम्भव नभएर हो ?

प्रजातन्त्रमा राज्यका काम-कारबाहीहरू पारदर्शी हुनुपर्छ त भनिन्छ, तर के त्यो भइरहेको छ त ? धेरैले भनेको सुनिन्छ, सरकार त पहिलेको झैं सिंहदरबारमा बस्छ । जुन दिनसम्म सरकार नागरिकका मनभित्र पस्ने, बस्ने जोहो गर्दैन त्यस दिनसम्म सरकारका परम्परागत पुरातन अप्रस्ट पाइतारहरू गुप्त नै रहन्छन् । जनताले सुशासनका लागि मोल्ने जोखिमहरू ज्यूँका त्यूँ नै रहेर कहिल्यै पनि सरकार कालजयी बन्न सक्दैन । सडक र चोकहरू मुठभेडका स्थल बनिरहन्छन् । बन्दुकहरू पड्किरहन्छन्, गोली चलरहन्छन्, धर्तीपुत्रहरूले सहादत पाइरहन्छन् । राज्यव्यवस्था चलिरहन्छ । विकासपछि झुल्केको प्रजातान्त्रिक घामले जनतामा न्यानो र प्रिय राप दिनुपर्ने हो, तर विकासले अवतरण नै गरी नसकेको धरतीमा प्रजातन्त्रको घामले जनतालाई पोल्छ, निरीह बनाउंछ भन्थे, हो रहेछ ।

अन्यथा, सुनको बटुको थाप्दै मित्रराष्ट्रसँग बाँच्ने न्यूनतम आधारभूत सहयोगको भिक्षा ऋण स्वरूप हामी किन थापिरहेका छौं ? हाम्रो बर्कत खै ? कहाँ छ ? हामीले एमसिसीलाई धूपै चढाएनौं, एससिसीलाई छिर्नै दिएनौं । कसैसँग पनि सैनिक गठबन्धनको गाँठो साट्न मानेनौं, पञ्चशीलता र द्वन्द्वरहित असंलग्न नीतिको अडानमा रहेर देशवासीको शिक्षा, सुरक्षा र स्वास्थ्यका लागि राज्यले कुनै कसर बाँकी नराख्दा पनि राज्य सञ्चालकमाथि पुन: मूषक भवतु जस्ता आक्षेप खनिँदा रहेछन् । सत्तापिपासुहरूले जे बोल्दा पनि हुने ? हिजो राजारानीलाई गद्दीबाट निकाल्दा नेता भनाउँदाहरूले राजाले जनताको शोषण गरेर अकूत कमाएका छन्, तिनलाई फाल्नुपर्छ भन्थे । राजाले स्वयं मुसुमुसु हाँस्दै जनताको नासो जनतामै छोडेर गद्दी त्यागे । दरबारको सम्पत्तिको खोजी पनि भयो । भेटियो के ? खोदा पहाड निकली चुहिया ? आज तिनै जनता सडकमा फेरि नारा घन्काइ-रहेछन् 'राजा आऊ, देश बचाऊ' ।

विकास हुन बाँकी देशहरूमा, प्रजातन्त्रको परिभाषा यसरी नै लगाइँदो रहेछ कि क्यार कि नेपाल अपवादमा जेलिएको हो ? राजालाई केही दलहरूले नै स्वीकार गर्न नमानेका हुन्, अन्यथा नेपाली जनताको श्रद्धा भाव त न कहिल्यै घटेको थियो वा घट्न सक्छ, त्यो निष्कर्षहीन मुद्दा बनेर रहनुपर्ने त होइन ? हाल सरकारमा रहेका नीति निर्माताहरूले यस विषयलाई गहनताका साथ विचार गरिरहेको बुझिन्छ । संविधानबाट पनि अनेक सांसदहरू असन्तुष्ट नै रहेको बुझिएकाले सम्भवत: संविधान संशोधनको विषय आगामी दिनहरूमा गौण रहिरहन सक्दैन । वर्तमान वैश्विक परिवेशले पनि नवगठित सरकारका भावी संकल्पहरू यत्रतत्र छिरलिएका छन् । तिनको समुचित संकलन र अनुमोदनको एजेण्डाले स्थान पाउने नै छ संसद्मा भन्न सकिन्छ ।

स्व. राजा महेन्द्रको पञ्चायती व्यवस्था पनि यस्तै धारको संकीर्णताबाट उम्रिएको थियो भन्ने वामपन्थीहरू अझै पनि छन् । नेपालीको जीवनस्तर उकास्न समाजलाई कुनै दलको दर्शन होइन, अत्याधुनिक ज्ञान, विज्ञान र प्रविधिको प्रादुर्भाव चाहिएको विषय पनि महत्वपूर्ण हुन आएको छ आज ।

माटो, श्रमशक्ति, कृषि, शिक्षा, स्वास्थ्य प्रविधि एवम् नैतिकताका मूलभूत वैचारिक स्तम्भहरू नै समुद्रमा हराएको जहाजलाई किनारा देखाउने प्रकाश स्तम्भ (बिकुन) सिद्ध हुन सक्छन् । तराई, मधेस र पहाडहरूका गरागरामा बाँझो रहन पुगेका हाम्रा भूमिहरूलाई खाद्यान्न र अनाजका बालाहरूले लहलहाउँदो बनाउन नसकुन्जेल हामी रोगी, दुर्बल र निरूपाय भएर नै आफ्नो जीवनचर्या चलाउन बाध्य हुनेछौं । इन्धन र डलरको दौडमा सामेल भएर हामीले आफ्नो मौलिक परिचयलाई गुमाउनु हुँदैन । संधै ऋणले बेसाएको घ्यूले पनि हामी हाम्रो अवस्था तङ्गिन सक्तैन । आफ्नै पसिनाको स्वादले जीवन मीठो बन्छ । हैन र ?

साभार: कारोबार दैनिक

नागरिकमा भूकम्पीय चेतना

✍डा. तारानिधि भट्टराई

७२ साल वैशाख १२ गतेको विनाशकारी गोरखा भूकम्पको केन्द्रबिन्दु बारपाक । बारपाक नजिकै रहेको लाप्राक गाउँकी ५३ वर्षीय महिलाले त्यो भूकम्प सम्झँदै भनिन्, "मकै बारीमा थिएँ । जमिन यसरी हल्लियो कि उभिन नै सकिनं । लडें तर तुरुन्त उठें, फेरि लडें, आँखा अगाडि नै जमिन चिरा पऱ्यो । चिरामा परिन्छ कि भन्ने डरले सकी नसकी उठेर चिराभन्दा टाढा जान खोजें तर फेरि लडें । धन्न चिरा मतिर परेन । छेउछाउका रुख त जोडले हल्लिंदै लच्किएर भुइँ छुँदै उठ्दै गरेको देखें । अचानक आएको यस्तो अकल्पनीय विपतमा बाँच्छु जस्तो नै लागेन । दुईजना नाति यो विपद्मा बिते कि भनेर क्वाँ क्वाँ रोएँ पनि । पछि जमिन शान्त भयो र म पनि उभिएँ । अधिका लत्रेका रुख जस्ताका तस्तै भए । निमेष भरमा घर पुगें । घरको त नामोनिसान केही बाँकी रहेन छ, गल्र्यामगुर्लुम भत्किएछ । धन्न नातिहरू घर बाहिर खेल्दै रहेछन् र बाँचेछन् । भूकम्प जाँदा यस्तो अत्यासमा परिन्छ भनेर कहीं कतै सुनेको पनि थिइनं, पढेको पनि थिइनं, भोगेको पनि थिइनं । यस्तो पनि हुन्छ भनेर सिकाउन गाउँ घरमा कोही आएका पनि थिएनन् ।'

यस्तै सम्झना ०७२ वैशाख २९ गते गएको गोरखा भूकम्पको परकम्पनबारे त्यो बेला कक्षा ९ मा पढ्ने एकजना भाइ सुनाउँछन्, "हामीलाई मिसले कक्षामा पढाई रहनु भएको थियो । अचानक भूकम्प गयो । मिस फुत्तै कक्षाबाट बाहिरिनुभयो । हामी विद्यार्थीहरू हतारिएर निक्लन खोज्दा ढोकामा ठेलम ठेल भयो । भित्तामा ठेलिँदा मेरो कुहिनामा चोट लाग्यो । अरू निम्छरा साथीहरू पनि घाइते भए । त्यो दिन अरू कक्षामा पनि यस्तै घटना भयो । मिसले पहिला हामी विद्यार्थीहरूलाई कक्षा बाट बाहिर निक्लन सघाउनुपर्ने थियो । त्यसो नहुंदा त्यो दिन हामीहरू साह्रै बिखलबन्दमा परेका थियौं । भूकम्प आउँदा के कसरी कक्षाबाट निक्लनु पर्छ भनेर स्कुलमा सिकाइएको पनि थिएन ।"

अर्को एउटा झनै मर्मस्पर्शी अनुभव एक जना उपमेयर (महिला) को छ । उहाँका अनुसार 'वैशाख १२ गते छोराछोरी र हामी श्रीमानश्रीमती दुवैजना घरमा नै थियौं । भूकम्पले घर हल्लाउन थालेपछि हामी दुवैजना हतारिएर भाग्ने क्रममा आँगनमा आइपुगेपछि मैले छोराछोरी घरभित्रै छन्, उनीहरूलाई लिन जाऊँ भनेर श्रीमानलाई भनें तर उहाँले त मेरो कुरा सुनेको नसुने झौ गरेर फटाफट घरबाहिर निक्लनुभयो । म भने छोरा-छोरीलाई लिन घरभित्र फर्किएँ र उनीहरूलाई साथै लिएर बाहिर आएँ । धन्न घर लडेन र हामी बच्यौं । श्रीमान् यतिसम्म निष्ठुरी होलान् भनेर त मैले कल्पना नै गरेको थिइनं । उहाँ पढेलेखेको विद्वान् मान्छेमा गनिनुहुन्थ्यो । विपदका बखत आफ्ना परिवारलाई सहयोग नगर्ने के पढेको होला जस्तो पनि लाग्यो ।'

राज्यले नै स्विकारेको तथ्य हो ७२ सालको भूकम्पमा प्रभावित भएका ३२ जिल्लामा लगभग ५५ हजार कक्षा कोठा भत्किएका थिए । यदि स्कुल चलिरहेको बेला भूकम्प गएको भए हताहत हुनेको सख्या अकल्पनीय हुने थियो । यो तथ्यले हाम्रा कैयौं स्कुलका जीर्ण भवनलाई देख्दा कसको आङ सिरिङ हुँदैन होला र ! भूकम्पका कारण सर्वसाधारणले भोगेका यी माथि उल्लिखित अनुभव त प्रतिनिधिमूलक उदाहरण मात्र हुन् । हजारौं मानिसले त्यो बखत ठुलो पीडा भोग्नु परेको त हामीमध्ये धेरैले देखेको र भोगेका पनि छौं । ७२ सालपछि २०८० कात्तिक १७ गते राति जाजर कोटमा पनि भूकम्प गयो र यस्तै प्रकृतिका पीडा सर्वसाधारणले त्यहाँ पनि भोग्नुपऱ्यो । वास्तवमा भूकम्प जाँदा के गर्नुपर्छ भन्ने ज्ञानको अभावले पीडा थपिएको हो भन्ने कुरा माथि उल्लिखित उदाहरणहरूले पनि पुष्टि गर्छन् । अर्थात् भूकम्प सम्बन्धि जनचेतनाको स्तर न्यून भएकै कारण भूकम्प जाँदा धनजनको क्षति न्यूनीकरण गर्न नसकिएको हो तर अहम् प्रश्न के छ भने ७२ सालको भूकम्पको पुनर्निर्माण त सकिएको छ, सर्वसाधारणमा चाहिँ भूकम्पसम्बन्धि जनचेतना कति अभिवृद्धि भयो त ? के अब फेरि त्यस्तै विनाश कारी भूकम्प गयो भने विपदलाई व्यवस्थापन गर्न हामी तयार छौं । यी प्रश्नको जवाफ खोज्नु र अरू केही सान्दर्भिक विषयमा पनि मानिसको मनस्थिति बुझ्नु अहिलेको आवश्यकता हो ।

नेपालमा भूकम्पीय जोखिमसम्बन्धि जनचेतना, पूर्वतयारी र जोखिमको अनुभूतिको अवस्था बुझ्नलाई प्रश्नावलीमा आधारित एउटा सर्वेक्षण १०७ जना महानुभावसँग गरिएको थियो । सर्वेक्षणमा काठमाडौंमा बसोवास गरिरहनुभएका विपत् व्यवस्थापनमा संलग्न सुरक्षा निकायका कर्मचारी, निजामती सेवाका कर्मचारी, शिक्षक एवम् प्राध्यापक, पत्रकार, साहित्यकार, विद्यार्थी, नीति निर्माता र अनुसन्धानकर्ताहरूले वस्तुगत प्रश्नावलीमा सोधिएका प्रश्नको जवाफ छानेर सहयोग गर्नुभएको थियो । उक्त सर्वेक्षणको नतिजा र विश्लेषण यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुने मनन गरेर पस्किदैछु ।

सहभागीहरूमा आधारभूत वैज्ञानिक ज्ञान धेरै राम्रो देखियो । ९८ प्रतिशतले भूकम्पलाई टेक्टोनिक प्लेटहरूको चालका कारण जाने प्राकृतिक विपदको रूपमा सही पहिचान गरेका छन् भने ९४ प्रतिशत सहभागीहरू भूकम्पको निश्चित मिति र समय भविष्यवाणी गर्न सकिँदैन भन्ने कुरामा पनि स्पष्ट छन् । ८६ प्रतिशतले नेपालमा जुनसुकै बेला ठुलो भूकम्प आउन सक्छ भन्ने वास्तविकतालाई पनि स्वीकार गरेका छन् । सामान्य ज्ञान राम्रो भए पनि केही प्राविधिक शब्दहरूमा झुक्किने गरेको पाइयो । जस्तै, इपिसेन्टर (भूकम्पको उद्गम स्थल बाट सबभन्दा नजिकको पृथ्वीको सतह) को सही परिभाषा ३६ प्रतिशतले दिएका छन् भने ५६ प्रतिशतले यसलाई भूकम्प उत्पन्न हुने स्थान (फोकस) सँग झुक्किएका छन् । त्यस्तै भूकम्पको शक्ति नाप्न प्रयोग गरिने शब्दावली (म्याग्निच्युड र इन्टेन्सिटी) सग पनि १२ प्रतिशत सहभागी मात्र परिचित भएको देखियो । ८२ प्रतिशतले म्याग्निच्युड मात्र भए पुग्छ भन्ने राय व्यक्त गरे, जुन सत्य त हो तर क्षतिको विवरण यसले दिँदैन ।

करिब ५५ प्रतिशत सहभागीलाई भूकम्पका बखत "ड्रप, कभर, एण्ड होल्ड अन' गर्ने तरिका थाहा रहनेछ तर अझै पनि २२ प्रतिशत मानिस भवनबाट बाहिर भाग्ने र १९ प्रतिशत ढोकामुनि उभिने सोच राख्दा रहेछन्, जुन भूकम्पको समयमा जोखिमपूर्ण हुन सक्छ । खास गरेर ढोकाको चौकोस बलियो नभएको अवस्थामा ढोकामुनि उभिनु ठिक मानिँदैन । ७२ प्रतिशतलाई आपतकालीन बाहिरिने बाटो र भेला हुने स्थान थाहा भए पनि घरभित्रका फर्निचर र दराज सुरक्षितरूपमा बाँध्ने कार्यमा कमी देखिएको छ । म जसको अर्थ भूकम्पका बखत घरहरूमा सामान खसेर चोट लाग्ने जोखिम छ । ७७ प्रतिशत सहभागीका परिवारका सदस्यलाई ग्यास, पानी र बिजुली बन्द गर्ने तरिका थाहा छ, जुन सकारात्मक पक्ष हो । प्रयोग अनिवार्य ठान्छन् । ९३ प्रतिशत सहभागीहरूमा भूकम्प प्रति-रोधी भवनले ठुलो भूकम्पमा ज्यान जोगाउने तर यसमा सामान्य क्षति हुन सक्छ भन्ने सही बुझाइ रहेछ ।

साभार : गोरखापत्र

पुरानो घटना सम्झेर झस्किन्छन् उनीहरु

सन्देश संवाददाता

धरान/१७ वर्षीया सबिना (नाम परिवर्तन) हाल पनि ती पुरानो घटनालाई सम्झेर झस्किन्छिन् । धरान उपमहानगरपालिकाकी सबिना सानै उमेरदेखि छिमेकीबाटै यौनशोषणमा परेकी थिइन् । उनलाई याद भएअनुसार ९ वर्षको उमेरदेखि छिमेकी अंकलले उनलाई मोबाइल देखाउने बहानामा यौनदुर्व्यवहार गर्ने गरेको उनले बताइन् । सानै उमेर देखि देख्दै आएको मान्छेले नै आफूलाई त्यस्तो दुर्व्यहार गर्छ भनेर उनले कहिल्यै सोचेकी थिइनन् । सँगै हुर्केको साथीको बाबा भएका नाताले पनि उनलाई बुबासमान मान्थिन् । घर छेऊछाऊमै भएकाले आउजाउ निरन्तर हुन्थ्यो । सबिना उनलाई अभिभावकका रुपमा हेर्ने र अंकल भनेर सम्बोधन गर्ने गर्थिन् ।

'म साथीकहाँ खेल्न जाँदा अंकलले मलाई सधैं उहाँको कोठामा बोलाउनु हुन्थ्यो, कहिले चाबी ल्याइदेऊ भन्ने बहाना त कहिले मोबाइल देखाउने बहानामा,' उनले भनिन्–मलाई थाहा थिएन ममाथि गलत हुँदैछ भनेर । मलाई पछिबाट उहाँको छुवाइ गलत र असहज लाग्न थाल्यो । मैले प्रतिकार गर्दा उहाँले तिमी त मेरी छोरीजस्तै त हौ केको लाज भन्दै गोप्य अंग छुने, सुम्सुमाउने गर्नु हुन्थ्यो । मलाई अंकलदेखि डर लाग्न थाल्यो र उहाँदेखि भाग्न थालें ।

कोरोनाको समयमा विद्यालय बन्द भएपछि अनलाइन क्लासका लागि प्रायःजसो बालबालिकाको हातमा मोबाइल फोनको पहुँच विस्तार भएसँगै सबिनाको हातमा पनि मोबाइल आइपुग्यो । तर, त्यस फोनले आफू झनै जोखिममा पर्छु भनेर उनले कहिल्यै सोचिनन् । उनी भन्छिन्–मलाई अनलाइन क्लासका लागि घरबाट मोबाइल किन्दिनु भएको थियो । त्यसबेला मेरो दिदीले फेसबुक अकाउन्ट खोलिदिनु भयो । अंकलले पनि मलाई फेन्ड रिक्वेष्ट पठाउनुभयो । अंकलले मलाई रि क्वेष्ट पठाएको छु, एक्सेप्ट गर भन्नुभयो । मैले डर लाग्दै रिक्वेष्ट एक्सेप्ट गरें ।

त्यसपछि सबिनालाई उनले निरन्तर म्यासेज गर्ने, फोन गर्ने गर्न थाले । उनी भन्छिन्–कहिले राति पनि कल गर्ने, फोन नउठाउँदा घर मै आएर फोन किन नउठाएको भन्दै थर्काउने गर्न थाल्नु भयो । म्यासेजमा अश्लील भिडियो पठाउने, अश्लील शब्द प्रयोग गरेर म्यासेज पठाउने गर्न थाले । यस्तो भिडियो नपठाउनू भन्दा उल्टै धक्याउने गरेको सबिनाले सुनाइन् । आफू १३ वर्षको हुँदा जबर्जस्ती करणी भएको सबिनाले सुनाइन् । उनी त्यस क्षणलाई सम्झिँदै भन्छिन्–म कक्षा ८ मा पढ्दा अंकलले मलाई उहाँको घरमा चाबी ल्याइदेऊ भन्ने बहानामा बोलाउनु भयो । म चाबी पुऱ्याउन उहाँको घर गएँ । घरमा कोही नभएको बेलामा मलाई कोठामा लगेर ढोका थुनी खाटमा पल्टाउनु भयो । मेरा लुगा फुकालि दिनु भयो । मैलै चिच्याउन खोज्दा मेरो मुख थुनिदिनुभयो । सबिना आँखाभरि आँसु बनाउँदै भन्छिन्–अंकलले मलाई धम्क्याउँदै ठूलो स्वरले कराइस् भने तँलाई यहीं मारेर गाडिदिन्छु भन्नुभयो । डरले मेरो आँखाबाट आँसु झरिरहेको थियो तर आवाज बाहिर निस्केन । मैले लगाएका लुगाहरु भुइँभरि छरपष्ट थिए । डरधम्की देखाइ मलाई जबर्जस्ती करणी गरियो । यस कुरा कसैलाई भने मारिदिने धम्की दिनुभयो । मैले डरले कसैलाई भन्न सकिनँ ।

सबिनाका अनुसार त्यसपछि पनि बारम्बार म्यासेज र कल गर्ने, गोप्य अंग देखाउन भन्ने, नग्न फोटो, भिडियो पठाउन भन्ने र नपठाए धम्क्याउने गर्न थाले । 'म्यासेन्ज मा यौनजन्य अश्लील भिडियो, फोटोहरु पठाएर मलाई पनि त्यस्तै गर भन्ने । मेरो घरमा कोही नभएको बेला आउने, कोठामा आएर जबर्जस्ती गर्ने गर्न थाले । मैले यो कुरा डरले घरमा कसैलाई भन्न सकिरहेकी थिइनँ । म एकदम डराइरहेकी थिएँ । अंकल मेरो घर आउनेबित्तिकै म ममीको कोठामा लुक्ने गर्थे,' उनी भन्छिन् । ९ वर्षदेखि दुर्व्यवहार र बलात्कृत भएको सहँदै आएकी उनले १४ वर्षको उमेरमा फेरि बलात्कृत हुन पुगेपछि चुप बसिनन् । उनी भन्छिन्–२०८१ चैत अन्तिममा अंकलले मेरो घरमा कोही नभएको मौका छोपी मलाई जबर्जस्ती करणी गर्नुभयो र फेरि पनि कसैलाई भने मार्ने धम्की दिनुभयो । यो पटक मैले हिम्मत जुटाएर दुई महिनापछि साथीलाई सुनाएँ । साथीले विद्यालयको मिसलाई सुनाइन् । मिसले यस्तो कुरा लुकाउनु हुँदैन भनी हिम्मत दिनुभयो । त्यसपछि २०८२ असारमा इलाका प्रहरी कार्यालय धरानमा गएर रिपोर्ट दर्ता गराएको उनले बताइन् । जबर्जस्ती करणीको अभियोगमा हाल खड्ग बहादुर केरुङ झुम्का कारागारमा छन् । जिल्ला अदालत सुनसरीले उनलाई जबर्जस्ती करणीको अभियोगमा १२ वर्ष कैद सजाय तोकेको छ ।

पछिल्लो समय सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै त्यसको नकारात्मक प्रभाव पनि देखिन थालेको छ । विशेषगरि बालिकालक्षित अनलाइन शोषणाका घटना बढ्दै गएको भ्वाइस अफ चिल्ड्रेनको अध्ययनले देखाएको छ । संस्थाले सञ्चालन गरेको साइबर सेफ्टी परियोजनाअन्तर्गत् गरिएको अध्ययन अनुसार पछिल्लो चार वर्ष अवधिमा कोशी प्रदेशको सुनसरीमा १ सय २२ बालिका सामाजिकसञ्जालको माध्यमबाट विभिन्न प्रकारका शोषणमा परेको तथ्य सार्वजनिक भएको छ । संस्थाका अनुसार फेस बुक, टिकटक, इन्स्टाग्रामजस्ता प्लेटफार्ममार्फत् परिचित–अपरिचित व्यक्तिहरुसँग सम्पर्क बढ्दै जाँदा बालिकाहरु भावनात्मक, यौनजन्य तथा आर्थिक शोषणको जोखिममा पर्ने गरेका छन् । धेरैजसो घटनामा प्रारम्भमा मित्रता गर्ने, विश्वास जित्ने, प्रेम प्रस्ताव गर्ने र पछि ब्ल्याकमेल गर्ने प्रवृत्ति देखिएको बताइएको छ ।

इटहरीकी १६ वर्षीया झुमा (परिवर्तित नाम) पनि अञ्जान व्यक्तिको प्रेम प्रस्तावले बलात्कृत हुन पुगिन् । साधारण परिवारमा जन्मिएकी झुमा कक्षा–१२ मा पढ्दै गर्दा फेसबुकमा नचिनेको मान्छेसँग साथी बन्न पुगिन् । झुमाको परिवारमा ६ जना सदस्य छन् । बुबा सिटीसफारी चलाउने र आमा घरको काममा व्यस्त हुन्थिन् । दिनभरि कलेज सकेपछि त्यही अञ्जान व्यक्तिसँग च्याट गर्ने, बोल्ने गर्दा गर्दै मित्रता प्रेमसम्बन्धमा परिणत भयो । उनी भन्छिन्–मेरोमा अविनाश नाम गरेको फेसबुक आईडीबाट रिक्वेष्ट आयो । बाहिरबाट हेर्दा गुडलुकिङ नै लाग्यो, त्यसपछि मैले रिक्वेष्ट एक्सेप्ट गरें । हामी बोल्दै गइम् । इटहरीकै मान्छे भए पनि मैले कहिल्यै देखेकी थिइनँ । बिस्तारै बोल्दै गएपछि उनले मलाई प्रेमप्रस्ताव राखे । मैले पनि उनको प्रेमप्रस्ताव स्वीकार गरें । एकदिन उनले मलाई म्यासेज, फोनमा मात्र कति बोल्ने, अब हामी भेट्नुपर्छ भने । मैले पनि नाईं भन्न सकिनँ । यसरी भेट्ने योजना बनाएर शनिबार भेटघाट भयो । पहिला पार्कमै भेट्ने योजना बने पनि अन्ततः उसकै जोडबलमा होटलमा भेटेको झुमाले बताइन् । 'मैले होटलमा त नभेटौं भन्दा उनले मेरो माया लाग्दैन, मलाई बिश्वास गर्दैनौ भनेर इमोसनल ब्ल्याकमेल गऱ्यो र मैले पनि नाईं भन्न सकिनँ,' उनले भनिन् । भावनामा बगेर उनले केटाको प्रताव अस्वीकार गर्न सकिनन् र होटलमा भेट्ने निधो गरिन् ।

होटलको नाम र ठेगाना उसले नै पठाएको र आफू सफारी चढेर त्यस होटलसम्म पुगेकी झुमाले सुनाइन् । होटलको कोठामा पुग्दा त्यहाँ अन्य दुईजना केटाहरु पनि संगै थिए । 'त्यसपछि मलाई ज्यादै डर लाग्यो । मैले म घर जान्छु भन्दा अविनाशले बस न उनीहरु मेरा साथी हुन् भन्दै जबर्जस्ती बस्न कर गऱ्यो । केही हुँदैन, उ खाजा खाएर गइहाल्छन् भन्यो । कोठामा खानेकुरा र बियर पनि राखिएको थियो,' उनले भनिन्–म बसिरहेकी थिएँ । त्यही बेला उनीहरुले मलाई जबर्जस्ती समातेर मेरा लुगाहरु फुकालिदिन थाले । मेरो मुख थुनिदिएर तीनै जनाले जबर्जस्ती करणी गरे । सुरुमा मैले यस कुरा कसैलाई भन्न सकिनँ । पछि हिम्मत जुटाएर सबै कुरा साथीलाई सुनाएँ । साथीले संस्थाको दिदीलाई सुनाइन् र त्यसपछि दिदीसँग गएर प्रहरीमा उजुरी दिएँ ।

आजको समय डिजिटल प्रविधिको समय हो । सामाजिक सञ्जालले मानिसको जीवनशैली नै परिवर्तन गरिसकेको छ । बाल बालिकाहरु विशेषगरि बालिकाहरु यसबाट बढी प्रभावित भइरहेका छन् । सही प्रयोगले ज्ञान, सिप र अवसर दिनसक्छ भने यसको अत्यधिक प्रयोगले लतको रुप लिएर गम्भीर समस्या निम्त्याउन सक्ने भ्वाइस अफ चिल्ड्रेनका प्रकाश माइते बताउँछन् । अध्ययनमा समावेश भएका धेरै बालिकाले शोषणका घटनाबारे परिवार वा सम्बन्धित निकायमा खुलाउन नसक्ने अवस्था रहेको पनि देखिएको उनले बताए । सामाजिक डर, लाज र अपराधीको धम्कीका कारण पीडितहरु मौन बस्न बाध्य हुने गरेका छन् ।

माइतेका अनुसार बाल बालिकामा डिजिटल साक्षरताको अभाव, अभिभावकको निगरानी कमजोर हुनु तथा सुरक्षित इन्टरनेट प्रयोगसम्बन्धि पर्याप्त जानकारी नहुनु यसका मुख्य कारण हुन् । 'बाल बालिका प्रविधिमा छिटो अभ्यस्त भइरहेका छन् ।

तर, सुरक्षित प्रयोगबारे उनीहरुलाई पर्याप्त ज्ञान छैन,' उनले भने–अर्को भनेको परिवारले आफ्ना बच्चामा निगरानी नराख्दा बाल बालिकाका अञ्जानमै बालयौन दुर्व्यवहारको सिकार बन्न पुगिरहेका छन् । इटहरी–५ की १४ वर्षीया माया (परिवर्तित नाम) कक्षा–१० मा अध्ययनरत् थिइन् । उनका अभिभावकले उनलाई अनलाइन कक्षा र पढाइका लागि मोबाइल किनिदिएका थिए । सुरुमा उनले मोबाइललाई पढाइको साधनका रुपमा प्रयोग गरिन् । तर, बिस्तारै उनको ध्यान फेसबुक, टिकटक र इन्ष्टाग्रामजस्ता प्लेटफर्मतर्फ बिस्तारै मोडिन थाल्यो । उनीजस्तै आजकालमा युवाहरु मोवाईल हातमा परेपछि पढाईलाई भन्दा बढी ध्यान मोवाईल चलाउन थालेको पाईन्छ ।

वैवाहिक जीवन :

माया, समझदारी र सहयात्राको कला

वैवाहिक जीवन दुई फरक सोच, संस्कार र जीवनदृष्टि कोणहरूको एकीकरण हो, जसले भावनात्मक सन्तुष्टि र जिम्मेवारी दुवै आवश्यक बनाउँछ ।

नेपालमा विवाह केवल व्यक्तिगत निर्णय नभई परिवार र समाजसँग गहिरोरूपमा जोडिएको सामाजिक संस्था हो । वैवाहिक सम्बन्धमा संवाद, विश्वास, सम्मान र माया सुमधुर सम्बन्धका मुख्य स्तम्भ हुन् र यी तत्वहरूलाई कायम राख्न सचेत प्रयास आवश्यक छ।

वैवाहिक जीवन मानव जीवनको सबैभन्दा संवेदनशील, जटिल र महत्वपूर्ण सम्बन्धहरूमध्ये एक हो । यो केवल दुई व्यक्तिको मिलन मात्र होइन, दुई फरक सोच, संस्कार, अनुभव, अपेक्षा र जीवन दृष्टिकोणहरूको एकीकरण हो । विवाह एक स्थिर संस्था जस्तो देखिए पनि यसको भित्री संरचना निरन्तर परिवर्तनशील हुन्छ ।

समय, परिस्थिति, सामाजिक प्रभाव, आर्थिक अवस्था र व्यक्तिगत विकाससँगै सम्बन्ध पनि रूपान्तरण हुँदै जान्छ । आजको समयमा वैवाहिक सम्बन्ध पहिलेको जस्तो स्थिर र निश्चित मात्र छैन । अहिले व्यक्तिहरू स्वतन्त्र सोच राख्छन्, आफ्नो पहिचान खोज्छन्, र सम्बन्धबाट केवल जिम्मेवारी मात्र होइन, भावनात्मक सन्तुष्टि पनि चाहन्छन् । यही कारणले गर्दा विवाहलाई सफल र सुमधुर बनाउन सचेत प्रयास आवश्यक हुन्छ ।

विवाहको इतिहास :

विवाहको इतिहास मानव सभ्यताको विकाससँगै जोडिएको छ । प्रारम्भिक समाजमा विवाहको उद्देश्य मुख्यतः जैविक र आर्थिक थियो । मानिसले सन्तान उत्पादन, श्रम बाँडफाँड र सम्पत्ति संरक्षणका लागि विवाहको प्रचलन सुरु गरे । अहिले त्यो धारणा बदलिएको छ,जसमा भावनात्मक सन्तुष्टि, आत्मसम्मान, स्वतन्त्रताका साथै अलग पहिचान पनि चाहन्छन् । विवाहको शुरुवातमा एकले अर्कोलाई पूर्णरूपमा समर्थन र समर्पित हुने परिपाटी बढी थियो भने अहिले आत्मसम्मान र 'मि टाइम' आफ्ना लागि पनि समय दिने र छुट्याउने प्रचलन बढेको छ ।

समयक्रममा विवाहले विभिन्न रूप लियो, प्राचीन समाजमा परिवार र कुलको निरन्तरता, मध्यकालीन समयमा सामाजिक प्रतिष्ठा र राजनीतिक सम्न्ध, आधुनिक समयमा प्रेम, आत्मीयता र व्यक्तिगत सन्तुष्टिलाई मानिसले विवाहलाई जोड्न थालेको छ ।

नेपालजस्तो समाजमा विवाह अझै पनि परम्परा, संस्कार र सामाजिक मूल्यसँग गहिरो रूपमा जोडिएको छ । यहाँ विवाह केवल व्यक्तिगत निर्णय मात्र नभई पारिवारिक र सामाजिक निर्णय पनि हो ।

किन आवश्यक छ विवाह ?

विवाह मानव जीवनमा विभिन्न कारणले महत्वपूर्ण मानिन्छ

भावनात्मक सहारा

मानिसलाई जीवनमा कसैको साथ चाहिन्छ । विवाहले त्यो भावनात्मक सहारा प्रदान गर्छ । भावनात्मक सहारा वैवाहिक जीवनको अत्यन्त महत्वपूर्ण आधार हो, किनकि मानिस केवल शारीरिक आवश्यकताले मात्र होइन, भावनात्मक रूपमा पनि बाँचिरहेको हुन्छ । प्रत्येक व्यक्तिलाई जीवनमा यस्तो कोही चाहिन्छ जसले उसलाई बुझोस्, स्वीकारोस् र कठिन समयमा साथ देओस् । विवाहले यही आवश्यकता पूरा गर्ने सुरक्षित र नजिकको सम्बन्ध प्रदान गर्छ, जहाँ व्यक्ति आफ्ना खुसी, दुःख, डर, असुरक्षा र अपेक्षाहरू स्वतन्त्ररूपमा व्यक्त गर्न सक्छ । जब जीवनमा तनाव, असफलता, आर्थिक दबाब वा पारिवारिक समस्या आउँछ, त्यस्तो अवस्थामा जीवन साथीको सानो साथ, ध्यानपूर्वक सुन्ने बानी र सहानुभूतिपूर्ण व्यवहारले मानसिक बोझ निकै कम गर्न सक्छ ।

त्यस्तै, खुसीका क्षणहरूमा पनि सँगै रमाउनु, सानो उपलब्धिलाई पनि प्रशंसा गर्नु र एकअर्काको सफलतामा गर्व गर्नुले सम्बन्धलाई अझ गहिरो र अर्थपूर्ण बनाउँछ । भावनात्मक सहाराले व्यक्तिको आत्मविश्वास बढाउँछ, उसलाई सुरक्षित महसुस गराउँछ र बाहिरी चुनौतीहरूको सामना गर्न शक्ति दिन्छ । तर यदि सम्बन्धमा भावनात्मक सहारा नपाइएमा व्यक्ति एक्लोपन, उपेक्षा र असन्तुष्टि महसुस गर्न थाल्छ, जसले सम्बन्धमा दूरी र तनाव बढाउन सक्छ ।

त्यसैले वैवाहिक सम्बन्धलाई सुमधुर बनाइराख्न एकअर्कालाई समय दिनु, बिना आलोचना सुन्नु, सानो-सानो माया व्यक्त गर्नु र 'म तिम्रो साथमा छु' भन्ने अनुभूति दिनु अत्यन्त आवश्यक हुन्छ । अन्ततः, भावनात्मक सहारा भनेको केवल शब्द होइन, जीवनका हरेक उतार चढावमा सँगै उभिने, बुझ्ने र साथ दिने गहिरो प्रतिबद्धता हो, जसले वैवाहिक जीवनलाई मजबुत, सन्तुलित र सुखद् बनाउँछ ।

सामाजिक संरचना

समाजले विवाहलाई मान्यता दिन्छ, जसले व्यक्तिको सामाजिक पहिचान बनाउँछ । सामाजिक संरचना अन्तर्गत विवाहलाई समाजले दिएको मान्यता अत्यन्त महत्वपूर्ण हुन्छ, किनकि यसले व्यक्तिको सामाजिक पहिचान निर्माण गर्न ठूलो भूमिका खेल्छ । विवाहपछि व्यक्ति केवल व्यक्तिगत अस्तित्वमा सीमित रहँदैन, ऊ एक जिम्मेवार सामाजिक सदस्यका रूपमा चिनिन्छ । समाजले विवाहित व्यक्तिलाई प्रायः बढी परिपक्व, उत्तरदायी र स्थिर मान्ने प्रवृत्ति राख्छ, जसले उसलाई सामाजिक सम्मान र स्वीकार्यता दिलाउँछ ।

लिग-२: यूएईमाथि नेपालको सानदार जित

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गत कीर्तिपुरमा सम्पन्न ९७औं खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) लाई ३७ रनले पराजित गरेको छ ।

नेपालले प्रस्तुत गरेको २०१ रनको विजयी लक्ष्य पछ्याएको यूएई ४८.२ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १६३ रनमा समेटिएको हो ।

नेपालको जितमा तीव्र गतिका बलर करण केसीले घातक बलिङ गर्दै सर्वाधिक ४ विकेट लिए । उनले ९.२ ओभर बलिङ गर्दै २ मेडन राखेर मात्र १९ रन खर्चिएका थिए ।

त्यस्तै, सन्दीप लामिछाने र सोमपाल कामीले समान २/२ विकेट लिँदा दीपेन्द्र सिंह ऐरी र ललित राजवंशीले १/१ विकेट हात पारे ।

लक्ष्य पछ्याउने क्रममा यूएईका लागि हरप्रित सिंहले ५२ बलमा सर्वाधिक ३९ रन बनाए । यूएईका कप्तान मोहम्मद वसिमले ३४ र अक्षदीप नाथले ३० रनको योगदान दिए पनि अन्य ब्याटरले सम्हालिएर खेल्न नसक्दा टोली हार व्यहोर्न बाध्य भयो ।

बागमतीको नयाँ बजेट . . ...

त्यस्तै, चालू वा सोभन्दा अगाडिदेखि कार्यान्वयनमा रहेका क्रमागत एवं बहुवर्षीय आयोजनाका लागि बजेट माग गर्दा गत वर्ष र चालू वर्षको ६ महिनासम्मको भौतिक तथा वित्तीय प्रगति विवरण अनिवार्यरूपमा समावेश गर्नु पर्नेछ । स्थानीय तह वा निजी क्षेत्रसँगको साझेदारीमा गरिने आयोजनाको हकमा जग्गा प्राप्ति, लागत सहभागिताको अंश र प्रतिफल बाँडफाँटको स्पष्ट खाका पहिले नै प्रस्ताव गर्नुपर्ने व्यवस्थाले आगामी बजेटलाई थप पारदर्शी र नतिजामुखी बनाउने मन्त्रालयको दाबी छ ।

निर्देशिकाले आर्थिक र सामाजिक विकासमा पछाडि परेका तथा न्यूनतम भौतिक पूर्वाधार नभएका स्थानलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ ।

बजेटको आकार घट्ने

त्यसोत, आगामी आवका लागि प्रदेशले करिब ५० अर्ब रुपैयाँको बजेट सिलिङ तय गर्ने तयारी गरेको छ । यो चालू आवको ६७ अर्ब ४७ करोड बजेट ल्याएको प्रदेश सरकारले आगामी आवमा बजेटको आकार घटाउने तयारी छ । चालु आवको तुलनामा करिब २० प्रतिशतले कम हो । संघीय सरकारबाट प्राप्त हुने अनुदानमा आएको संकुचन र राजस्व बाँडफाँटको सीमाका कारण बजेटको आकार खुम्चन लागेको प्रदेश सरकारका प्रवक्ता एंवम् प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ बताउँछन् ।

यता, निर्देशिकाले बहुवर्षीय आयोजनाहरूको व्यवस्थापनमा पनि नयाँ नियम ल्याएको छ । अबदेखि बहुवर्षीय ठेक्का लगाउँदा कुल लागतको निश्चित प्रतिशत ३३ वा २५ प्रतिशत बजेट चालू वर्षमै सुनिश्चित हुनुपर्ने उल्लेख गरेको छ । यसले स्रोत सुनिश्चितता नभई ठेक्का लगाउने र अलपत्र छाड्ने प्रवृत्तिलाई अन्त्य गर्ने विश्वास गरिएको छ ।

प्रशासनिक खर्चमा ३० प्रतिशत कटौती :

बजेट अभावलाई मध्यनजर गर्दै सरकारले प्रशासनिक र साधारण खर्चमा भारी कटौती गर्ने नीति लिएको छ । मन्त्रालयहरूको संख्या घटाउने र प्रशासनिक फजुल खर्चलाई ३० प्रतिशतसम्म कम गर्ने योजना बजेट मार्गदर्शनमा समावेश गरिएको छ । यस पटकको बजेटमा 'आयोजना बैंक' मा दर्ता भएका र पूर्वतयारी पूरा भएका योजनाले मात्र प्राथमिकता पाउनेछन् । यस कदमले विकास खर्चको प्रभावकारिता बढ्ने र पहुँचका भरमा योजना पार्ने संस्कृतिको अन्त्य हुने अपेक्षा गरिएको मन्त्री तामाङ बताउँछन् ।

साना योजना स्थानीय तहलाई

त्यसोत, यसअघिका बजेट निर्देशिकाहरुमा पनि टुक्रे योजना विस्थापन गर्ने लक्ष्य नलिइएको भने होइन । तर, बजेट बनाउने क्रममा मन्त्री, सांसददेखि चिनजानका व्यक्तिको आधारमा ठुला योजना भन्दा बढी टुक्रे योजनाले बजेट किताब भरिदै आएको थियो । तर आगामी आर्थिक वर्षमा भने बजेट बनाउँदा नै कडाईका साथ बनाइनेछ ।

उनका अनुसार सरकारको बजेट किताबमा कम्तीमा पनि २० लाखसम्मका बजेट मात्रै ल्याइनेछ साना योजनाका लागि प्रदेशले स्थानीय तहलाई बजेट पठाउँछ, उनले भने, 'सम्बन्धित स्थानीय तहबाटै योजना कार्यान्वयन र भुक्तानी लिने व्यवस्था मिलाइनेछ ।'

अमिताभ बच्चनको जीवनको गोरेटो फेरिदिने दुई लेखक

बलिउडमा 'एङ्गी यङ म्यान' अर्थात् 'आक्रोशित युवक'को छवि तयार हुँदै थियो । आममानिस एङ्गी यङ म्यानको उदय हुनुको श्रेय अमिताभ बच्चनलाई दिन्छन्, तर बलिउडको आन्तरिक मामलाका जानकारहरू भने अर्कै तथ्यतर्फ संकेत गर्छन् ।

रिस, आक्रोश, मुटु चर्काउने पीडा र तीखा संवादहरू एङ्गी यङ म्यानका खास विशेषता थिए । यो सबै बलिउडका दुई लेखकको दिमागको उपज थियो । युवाको चरित्रमा विद्रोह लेख्ने ती लेखकहरू थिए; सलिम खान र जावेद अख्तर । धुवाँको कुहिरीमण्डलबिचबाट हिन्दी सिनेको व्याकरण फेर्ने यी दुई भाईलाई एकमुष्ठ सलिम-जावेद भन्ने गरिन्थ्यो ।

उनीहरूले नै बलिउडलाई नयाँ मनस्थितिसम्म पुऱ्याए । त्यससँगै सिनेमालाई समाजको ऐना बनाए । अझ भनौ एउटा नविन आन्दोलनकै सिर्जना गरे । त्यसो गर्दैगर्दा उनीहरूले बलिउडलाई केवल एउटा नायक दिएनन् । विक्षिप्त देशलाई बुलन्द आवाज पनि दिए ।

७० को दशकको भारत :

हामी एकैछिनका लागि फर्केर सन् १९७०को दशकमा पुग्यौं भने त्यहाँ धेरै भिन्न अवस्था थियो । भारत स्वतन्त्रतासँगै देखिएको आशा विस्तारै निराशामा परिणत हुँदै गरेको छाम्न सकिन्छ । जताततै भ्रष्टाचारका काण्डले समाचारपत्रका पानाहरू भरिएको देख्न सकिन्थ्यो । रोजगारी दुर्लभ हुँदै गएको देखिन्थ्यो । सहरमा मानिसहरू ओइरिन थालेको देख्न सकिन्थ्यो । अविकसित गाउबाट सुबिधा सम्पन्न ठूला सहरहरुमा युवाहरु आफ्नो भबिष्य खोज्न सहर पस्दथे ।

त्यसको ठुलो तप्का श्रमजीवी वर्गको थियो । तर उनीहरू अस्वीकृत अनुभव गरिरहेका थिए । यसैबिच भारतमा सन् १९७५ देखि १९७७ सम्मको संकटकालको समय आउँछ । त्यस दौरान विरोध प्रदर्शन र हड्तालहरूमा दमन गरिएको हुन्छ ।

त्यस बखत सडकको माहोल असाध्यै तातिएको थियो, तर राजनीति भने मौन देखिन्थ्यो ।

नयाँ बर्ष २०८३ को शुभ अवसरमा हाम्रा ग्राहक,शुभेन्छुक शुभचिन्तक लगाएत सम्पुर्णमा उत्तरोतर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै सेभेनस्टार वेलनेश ट्रेडलिंक प्रा.लि.द्धारा गुणस्तर कायम गरि उत्पादित तपशिल बमोजिमको स्यानेटरी प्याड (न्याप्कीन) को मुल्य सार्वजनिक भएको जानकारी गराउछौ .

SN	product Name	Type	MRP
1	welcare sanitory Napkin (320mm	6pcs	80
2	welcare sanitory Napkin (290mm)	6pcs	75
3	welcare sanitory (290mm)	8pcs	99
4	welcare sanitory Napkin (290mm)	10 pcs	115
5	welcare sanitory Napkin (290mm)	10 pcs	120

Reg. No.: 255188/077/078
Seven Star
WELLNESS TRADE LINK PVT. LTD.
Hetauda, Makawanpur
9855076652,9855067095,9851265365

आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको dbdf kfpgxg. स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

बालश्रम निषेध ऐन प्रतिस्थापनका लागि सुझाव हस्तान्तरण

सन्देश संवाददाता

बालअधिकार, श्रमिक अधिकार र सामाजिक न्यायको क्षेत्रमा क्रियाशील नागरिक संस्थाहरूले बालश्रम अन्त्यको अभियानलाई मुर्तरुप दिने उद्देश्यका साथ महत्वपूर्ण पहल गरेका छन्। बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ लाई वर्तमान संविधान, संघीय शासन प्रणाली तथा बालश्रमका बदलिंदा स्वरूपसँग सुसंगत बनाउँदै प्रतिस्थापन गर्न तयार गरिएको विधेयक, २०८३ को मस्यौदाउपर साझा सुझाव तयार गरी एक समारोहका बीच श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई हस्तान्तरण गरियो।

सिंहदरबारस्थित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आयोजित कार्यक्रममा श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखाका सहसचिव प्रेमप्रसाद आचार्य र उपसचिव जितेन्द्रप्रसाद शर्मालाई राष्ट्रिय कार्य समन्वय समितिका अध्यक्ष ऋतु भट्ट राई, राष्ट्रिय बाल संरक्षण सञ्जाल (एनसिपीए) का अध्यक्ष मधु गुरुङ, सिएओ फोरम बागमती प्रदेश संयोजक एवं जिएनवी नेपालका अध्यक्ष प्रकाश खतिवडा, श्रमिक बालबालिका प्रतिनिधि तथा बाल सल्लाहकार परिषदका अध्यक्ष धिरेन्द्र बिसील साती प्रदेशका बाल श्रमिक तथा बालक्लबमा आबद्ध बालबालिकाको आवाज यस सुझावपत्रमा समेटिएको बताए। उनले बालबालिकाको अनुभव र भोगाइका आधारमा कानून निर्माण हुनु आवश्यक रहेको बताए।

सुझावपत्र ग्रहण गर्दै सहसचिव प्रेमप्रसाद आचार्यले मन्त्रालयले आह्वान गरेको आधारमा सातै प्रदेशबाट नागरिक समाज र बालबालिकाको आवाज समेटी सुझाव पेश गर्नु महत्वपूर्ण कदम भएको बताउँदै ऐन संशोधन प्रक्रियामा सरकारलाई सहयोग पुऱ्याएकोमा धन्यवाद व्यक्त गरे। त्यसैगरी उपसचिव जितेन्द्रप्रसाद शर्माले नागरिक संस्थाहरूले गरेको मेहनत र प्रस्तुत गरेका सुझावलाई मन्त्रालयले अपनत्वका साथ ग्रहण गर्ने र आगामी ऐनमा समेटन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

राजमार्गमा सवारी कर नउठाउन आदेश

सन्देश संवाददाता

बिरगञ्ज/उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले पर्साको राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग र हुलाकी राजमार्गमा चाल्ने सवारी साधनबाट कर नउठाउन आदेश जारी गरेको छ।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जका न्यायाधीसद्वय अर्जुन अधिकारी र दुर्गाप्रसाद बुडेलको शुक्रबारको इजलासले सर्वोच्च अदालतको उत्प्रेषणको रिट निवेदनमा वि.सं २०८२ फागुन २८ मा विपक्षी वीरगञ्ज महानगरपालिकासमेतका नाममा अन्तरिम आदेश जारी भइसकेको सन्दर्भमा राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा हुलाकी राजमार्गमा चल्ने सवारी साधनबाट कर उठाउनबाहेक वीरगञ्ज महानगर मातहत पर्ने सडकमा भने उठाउन सक्ने आदेश जारी गरेको छ।

"वि.सं २०८२ साउन ३० गतेको सम्झौताको शर्त बन्देजको अधीनमा रही कर संकलन गर्न निवेदकलाई कुनै प्रकारको अवरोध नगर्नु/नगराउनु भनी यसै अदालत बाट २०८३ वैशाख ४ मा जारी अन्तरिम आदेशलाई सो हदसम्म संशोधन गरी निरन्तता प्रदान गरी दिएको उल्लेख गरिएको छ," अदालतको आदेशमा भनिएको छ।

प्रभु कन्स्ट्रक्सनले वीरगञ्ज महानगरको राजमार्ग तथा सहायक राजमार्गमा सवारी व्यवस्थापन कर उठाउँदै आइरहेको थियो। पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभाका सांसद बुद्धि प्रसाद पन्त (हरि)ले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जको निषेधाज्ञा आदेशले र जमार्ग,सहायक राजमार्ग र हुलाकी राजमार्गमा स्थानीय तहले बोलपत्र आह्वान गरेर सवारी कर तथा कवाडी कर संकलन गर्न नपाउने आदेश जारी गरेकोमा खुसी व्यक्त गरे।

किवानिज मकवानपुरको पद हस्तान्तरण

सन्देश संवाददाता

हेटौडा/१२ वर्षमुनीका बालबालिकाको क्षेत्रमा काम गरिरहेको अन्तर्राष्ट्रिय संस्था किवानिज क्लब मकवानपुरको सन २०२५/२६ का लागि पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

किवानिज क्लब मकवानपुरका पूर्व अध्यक्ष माधव गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा सन् २०२५/२६ का लागि नव-निर्वाचित अध्यक्ष गोविन्दप्रसाद प्याकुरेललाई पद हस्तान्तरण गरिएको हो। क्लबका अध्यक्ष पवन खड्का सवारी दुर्घटनामा घाइते भई हाल काठमाडौंमा उपचारत रहेका छन्। प्याकुरेलको नेतृत्वमा प्रेसिडेन्ट इलेक्टमा भानुभक्त आचार्य, उपाध्यक्ष पूर्णप्रसाद अर्याल, सचिव ईश्वर रिजाल चयन भएका छन्।

किवानिज क्लब इन्टर-नेशनलका ट्रष्टी मोहन लम्सालको प्रमुख आतिथ्य तथा नेपालका गभर्नर ईलेक्ट रामहरि सुवेदीको विशिष्ट आतिथ्यमा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको हो।

हरेक महिनाको अक्टोबरबाट नेतृत्व परिवर्तन गर्ने यो क्लबको विधान भएपनि प्राविधिक कारणले केही समय ढिलाई भएको बताइएको छ। कार्यक्रममा किवानिज क्लब नेपालका भाइस गभर्नर भरतप्रसाद ढुंगेल, लेपिटनेन्ट गभर्नर ईलेक्ट ज्योतिरत्न बजाचार्य, किवानिज क्लब मकवानपुरका चार्टर्ड प्रसिडेन्ट तीर्थराज पराजुली, सी आशा फाउडेसनका अध्यक्ष बालकृष्ण चौलागाईलगायतले शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रममा किवानिज क्लब हेटौंडाका पूर्वअध्यक्ष गंगाप्रसाद पौडेल, सुवर्णकेशर लामिछाने, अधिवक्ता ललिता श्रेष्ठ, सी आशा पाठशालाकी प्रवन्धक प्रतिमा वस्नेत लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा सी आशा पाठशालाका बालबालिकाको लागि ३ लाख ५० हजार रुपैयाँको फुड सप्लीमेन्टरी हस्तान्तरण गरिएको थियो। काठमाडौं महानगरपालिका र किवानिज क्लब निलगिरिको सहयोगमा क्लबका भाइस गभर्नर भरतप्रसाद ढुंगेलको संयोजनमा सि आशा पाठशालाका बालबालिकालाई फुड सप्लीमेन्टरी प्रदान गरिएको हो। विगत वर्षमा पनि क्लबले यस्तै सहयोग गर्दै आएको थियो।

कालिगण्डकीको ढुंगामा मौलिकता झल्किने श्रृजना

सन्देश संवाददाता

मुस्ताङ/घरपझोङ गाउँपालिकाले १५ दिने मूर्तिकला कार्यशाला शुरु गरेको छ। पालिकाको आयोजना तथा ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौंको सहकार्यमा मूर्तिकला कार्यशाला आयोजना गरिएको हो। मुस्ताङ जिल्लाको समग्र धार्मिक तथा सांस्कृतिक सम्पदा एवम् यहाँको मौलिकता, रहनसहन, जैविक विविधतालाई झल्काउने गरी मूर्तिकलामार्फत् पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यसहित मूर्तिकला कार्यशाला गरिएको हो।

कालिगण्डकी नदीमा पाइने विशाल ढुंगालाई बाहिर निकालेर मूर्तिकारहरुले यहाँको मौलिकता झल्किने सुजनालाई मूर्तिकलाको स्वरुपमा बदल्ने भएका छन्।

कालगण्डकी नदीमा पाइने ढुंगालाई छनौट गरी मूर्तिकला कुँदन दर्जनौं ढुंगा जोमसोममा एकीकृत गरी संकलन गरिएको छ। सीमित स्रोतमात्र उपलब्ध भएकाले अपेक्षा गरेअनुरुप ढुंगा संकलन गर्न सकिएको छैन। घरपझोङ गाउँपालिकाले संकलन गरी राखेका कालिगण्डकी विशाल ढुंगामा विभिन्न प्रकारका मूर्तिको आकृति कोरिने योजना रहेको छ। घरपझोङ मूर्तिकला कार्यशालाका लागि ललितकला प्रज्ञा प्रतिष्ठानको सम्नव्यमा २१ मूर्तिकार र १ दर्जन बढी सहयोगी मूर्तिकार मुस्ताङ आइपुगेर काम सुरु गरि सकेको ललितकला प्रज्ञा प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले जानकारी दिए। कालिगण्डकी नदीका ढुंगाहरुमा यहाँको जीवन्त मौलिक कलासंस्कृतिलाई मूर्तिकलामार्फत् उजागर गरिने प्रमुख महतोले बताए।

यहाँको मौलिक पहिचान र कलाकारको सृजनालाई मूर्तिकलाको माध्यमबाट मुर्तरुप दिइने छ। धार्मिक तथा पर्यटकीय जिल्लाका रुपमा रहेको मुस्ताङलाई यहाँको पर्यटन विकासमा योगदान पुग्ने गरी १५ दिन कार्यशालाले ठूलो टेवा पुऱ्याउनेमने प्रमुख महतोको भनाइ छ। घरपझोङ मूर्तिकला कार्यशाला २१ वैशाखसम्म चल्ने छ। ढुंगामा कुँदिने मूर्तिकलाबाट यहाँको भगवान् विष्णुको स्वरुप शालिग्राम, भगवान् नारायण, बुद्ध र गुरु पद्मसम्भव अर्थात् गुरु रिन्पोछें, घरपझोङको पहिचान घरपझोङ किल्लाको आकृति कोरिने बताइएको छ। कालिगण्डकी नदीका ढुंगाहरुमा यहाँको धर्मसंस्कृति, रहनसहन, हिउँचितुवा, याकचौं-रीलगायत यहाँको पर्यावरणको सम्पर्ण प्रतिनिधित्व झल्काउने गरी मूर्तिकारहरुले आफ्नो सृजना पस्किने प्रमुख महतोले उल्लेख गरे। यहाँको मूर्तिकला कार्यशालामा कार्य अवधिभर २१ ठूला आकारका ढुंगामा मूर्तिकला सृजना प्रस्तुत हुनेछन्।

यसका अलावा तोकिएको अवधिभन्दा अघि नै ढुंगामा मूर्तिकलाको काम सकिएमा थप अरु ढुंगाहरुमा क्रमशः मूर्तिकला कुँदने लक्ष्य राखिएको छ। घरपझोङ मूर्तिकला कार्यशालाले मुस्ताङको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुऱ्याउने गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताए। मुस्ताङको कालिगण्डकी नदीमा पाइने सबै ढुंगाहरु स्वतः शालिग्राम होइनन् रहेको उल्लेख गर्दै अध्यक्ष लालचनले पर्यटकहरुको घुमफिर गर्ने बसाइ लम्ब्याउने उद्धेश्यले मूर्तिकला कार्यशाला चलाइएको बताए। मुस्ताङमा अधिकांश धार्मिक पर्यटक हिन्दु धर्मावलम्बीको रहेकाले यहाँको पवित्र ढुंगा (शीला) मा हिन्दु तथा बौद्ध धर्मको समान अस्तित्व रहने गरी मूर्तिकारले आफ्ना सृजना कोर्ने कार्यक्रम छ। कोरला नाका, उपल्लो मुस्ताङ र मुक्तिनाथ दर्शन गरी फर्किने पर्यटक सीधै गन्तव्यतर्फ प्रस्थान गर्ने भएकाले मूर्तिकलाको प्रस्तुतिले पर्यटकहरुको बसाइ लम्याउन सहयोग पुग्ने विश्वास गरिएको छ।

घरपझोङ गाउँपालिका कार्यालयजिकको खुला प्रांगणमा मूर्तिकला सृजन गरिएको छ। यसका लागि पालिकाले ढुंगा र विद्युत् व्यवस्थापन मिलाएको छ। काठमाडौंकी मूर्तिकार अनमारी तामाडुले मुस्ताङको उच्च उचाईको स्थानमा पहिलोपटक मूर्तिकला प्रस्तुत गर्न आइपुगेको जानकारी दिइन्। तराई र पहाडका क्षेत्रमा मूर्तिकला कोर्ने अनुभवभन्दा यहाँको मूर्तिकला अनुभव केही फरक रहेको उनले बताइन्। यहाँको हावाहरी र चिसोका कारण मूर्तिकला कुँदन केही असहज हुने मूर्तिकार तामाडुले उल्लेख गरिन्। घरपझोङ मूर्तिकला कार्यशालामा कोरिएका ढुंगालाई जोमसोम बजार को कालीगण्डकी नदीको दायाँबायाँ किनारामा पार्क निर्माण गरी प्रतिस्थापन गर्ने जनाइएको छ। कार्यशालामा यहाँका ढुंगाहरुको अध्ययन गर्ने र मूर्तिकलाका लागि सेफ तयार गर्नेकाम गरेका छन्। ढुंगामा कोरिएका मूर्तिकलाबाट समग्र मुस्ताङ जिल्लाको पहिचानलाई झल्काउने कार्यशालाको मूल उद्धेश्य छ।

अलपत्र छन् दर्जनौं पुल

सुर्खेत/कर्णालीका दर्जनौं पुल निर्माणको काम अलपत्र छ। निर्माण कम्पनीको लापरवाही र सरोकार वाला निकायको उदासिनताका कारण ती पुलहरु अलपत्र परेका हुन्। कर्णाली राजमार्ग, नाग्म-गमगढी सडकखण्ड, भेरी करिडोर र कर्णाली करिडोर का विभिन्न स्थानमा पुल निर्माण अलपत्र अवस्थामा छन्। कर्णाली करिडोरअन्तर्गत कालिकोट, बाजुरा र हुम्ला खण्डका विभिन्न नदी तथा खोलामा गरी ९ स्थानमा पुल निर्माणको काम रोकिएको छ। हुम्लाको खार्पुनाथ गाउँपालिका-५ स्थित दोजाममा कर्णाली नदीमाथि निर्माण भइरहेको स्टिल ट्रस मोटरेबल पुल पनि निर्धारित समयमा सम्पन्न हुन सकेको छैन।

५५ मिटर लम्बाइ र १० मिटर चौंडा उक्त पुल निर्माणका लागि २०८० असोज ६ गते म्याद थप गरिए पनि हालसम्म ५० प्रतिशतमात्र काम भएको छ। उक्त पुलको लागत स्टिमेट ११ करोड ८३ लाख ९४ हजार ५०८.५२ रुपियाँ गरिएको थियो। कर्णाली करिडोर अन्तर्गत विभिन्न नदी तथा खोलामा निर्माण हुनुपर्ने ९ वटा पक्की पुलको काम अझै अधि बढ्न नसकेको हिस्सा-सिमकोट सडक योजना प्रमुख बेल बहादुर नेपालीले जानकारी दिए। करिडोरअन्तर्गत् विभिन्न स्थानमा पुल निर्माणका लागि २०७९ असारमा डिजाइन एण्ड बिल्ड प्रक्रियामार्फत् ठेक्का पनि लागेका थिए। तर, यी पुलको अन्तिम डिजाइन सडक विभागबाट स्वीकृत हुन नसक्दा निर्माणले गति लिन नसकेको उनले बताए।

२०७९ असार ३० मा सम्झौता गरी २०८२ असोज ३० सम्म सम्पन्न गर्नुपर्ने भए पनि हालसम्म डिजाइन स्वीकृतिको काममै समय खर्च भएको छ। १८ करोड २८ लाख २८ हजार लागतमा बन्ने यी पुलको डिजाइन स्वीकृत भएको र अब निर्माणको बाटो खुलेको कार्यालयले जनाएको छ। बाजुरा र हुम्ला खण्डका ६ वटा पुलको जिम्मा लुम्बिनी-सिंह जेभीले ४५ करोड ३१ लाख ५७ हजारमा लिएको छ। उक्त जेभीले जिम्मा लिएका जुंगी, बुंगीघाट, गल्फागाड र सर्केगाड (न्यासी) खोलाका पुलको डिजाइन स्वीकृत भइसकेको छ भने कबाडी र अर्को गल्फागाड खोलाको डिजाइन अझै स्वीकृत भएको छैन।

'स्वीकृत भएकामध्ये पनि जुंगीखोलाको पुलमा मात्र काम सुरु भएको छ,' आयोजना प्रमुख नेपालीले भने-यस जेभीसँग २०७९ असार २८ मा सम्झौता भएको थियो। २०८२ पुस २९ सम्मmमा सबै पुल सम्पन्न गर्नुपर्ने म्याद पनि सकिएको छ। जिल्ला समन्वय समिति हुम्लाका प्रमुख शिवराज शर्माले डिजाइन एण्ड बिल्ड प्रक्रियामा ठेक्का लगाउँदा डिजाइन स्वीकृत गराउनमै धेरै समय खर्च हुने गरेको बताए। नाग्म-गमगढी सडकअन्तर्गत् जुम्लाको सिञ्जास्थित रोकायावाडा खोलामा निर्माण गरिएको पक्की पुल मुआब्जा विवादका कारण सञ्चालनमा आउन सकेको छैन। २०७८ फागुन ९ गते ठेक्का आह्वान भइ निर्माण थालेका १० वटा पक्की पुलमध्ये ४ वटा अलपत्र छन्। नाग्म-गमगढी सडकको बालुखोलास्थित २५ मिटर लामो कालिकाखेतु पक्की पुल अलपत्र छ। जुम्लातर्फको भागमा पिलर निर्माण भएको वर्षौं बित्दै पनि कालिकोट क्षेत्रको जग्गा विवाद नमिल्दा निर्माण अलपत्र छ। जुम्लाको कनकासुन्दरी गाउँपालिकाको रोकायाडाडामा निर्माण हुने २५ मिटर लामो पुल पनि जग्गा विवादले अघि बढ्न सकेको छैन।

कनकासुन्दरीको केन्द्र गुठिच्युला बजारको खोलामा पनि जग्गा विवाद उत्पन्न हुँदा पुल निर्माण हुन सकेको छैन। मुगुको गमगढी खोलामा निर्माण भइरहेको ४० मिटर लामो पक्की पुल पनि जग्गा विवादले बन्न सकेन। मुगुको लुम्सामा पनि ४० मिटर लामो पुल बनाउन ठेक्का भए पनि जग्गा विवाद हुँदा काम रोकिएको छ। निर्माण सम्झौताको म्याद सकिएको १ वर्ष बित्दा पनि कालिकोटको पलाता र पचालझर ना गाउँपालिकालाई राष्ट्रिय सडकसञ्जालसँग जोड्ने पक्की पुल निर्माण अलपत्र परेको छ। ठेक्का सम्झौता सकिएको १ वर्ष बितिसक्दा पनि पुल निर्माण गर्ने स्थानमा खाल्डो खन्नेबाहेक कुनै काम भएको छैन। पुल निर्माणका लागि हिरोचन-ब्याराभान सुपरस्टार जेभीले ठेक्का लिइ २०७७ असोज १३ गते सम्झौता गरेको थियो। २०८१ चैत २५ गतेभित्र सम्पन्न गरि सक्नुपर्ने सम्झौता भए पनि निर्माण व्यवसायीको अटेरीले काम हुन नसकेको भौतिक पूर्वाधार विकास कार्यालय कालिकोटका प्रमुख प्रभाकर सिंहले बताए। उक्त पुल निर्माणको म्याद २०८४ असार मसान्तसम्म म्याद थपिएको छ।

सडक डिभिजन कार्यालय जुम्लाले कर्णाली राजमार्गअन्तर्गत् बर्धौंडिह अलपत्र परेका १० वटा ठेक्का सम्झौता तोडेको जनाएको छ। सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारी सौरभकुमार सिंहका अनुसार सम्झौताअनुसार सडक निर्माणको काम नगरेका १० कम्पनीसँगको ठेक्का सम्झौता चैत ११ मा नै तोडिएको बताए। कालिकोटको दहीखोला मान्म-नाग्म-जुम्ला खण्डमा स्तरोन्नतिको काम अलपत्र परेको सूचना अधिकारी सिंहले बताए। उनका अनुसार आव २०७९/०८० मा कृष्ण निर्माण सेवाले जिम्मा लिएको खुल्लालेदेखि घोडेंगा खण्ड, अविनाश निर्माण सेवाले जिम्मा लिएको छ।

एक मेगावाट् आयोजनाको सम्झौता

सन्देश संवाददाता

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणले स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनालाई विद्युत् खरिद सम्झौताका लागि लागि सम्पर्क गर्न आउन आग्रह गरेको छ। प्राधिकरणले स्थानीय तहको कम्तिमा ५१ प्रतिशत साझेदारीमा निर्माण हुने एक मेगावाट्सम्म जडित क्षमता भएका सौर्य विद्युत् आयोजनालाई विद्युत् खरिद सम्झौता गर्न लागेको छ।

प्राधिकरणको २०८२ कात्तिक १९ को बैठकबाट सौर्य विद्युत् आयोजनाको बिजुली खरिद बिक्रीको सम्झौता गर्ने निर्णय गरेको थियो। स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनाको प्रतियुनिट चार रुपियाँ ९९ पैसा कायम गरि एको छ। त्यस्ता आयोजनाबाट उत्पादित बिजुली खरिद बिक्री सम्झौता चालु आवको अन्त्यसम्म सम्पन्न गरिसक्ने निर्णय यसअघि नै भएको छ। प्राधिकरणको वैशाख २ गतेको निर्णयअनुसार यसै महिनाको अन्तिमसम्म आवश्यक कागजातसहित निवेदन दिन आग्रह गरिएको छ। आयोजनालाई प्राधिकरणको ३३/११ केभी क्षमताको ग्रीड वा वितरण सबस्टेशनमा जडान गरिनेछ। प्रवद्धकले अनुरोध गरेमा प्राधिकरणको ११ केभी वितरण लाइनमा आवश्यक व्यवस्थासहित जडान गरिने प्राधिकरणले जनाएको छ।

प्राधिकरणले विद्युत् खरिद सम्झौताका लागि निवेदन, कम्पनी दर्ताको प्रमाणपत्र, स्थानीय तहको कम्तिमा पनि ५१ प्रतिशत शेयर रहेको अद्यावधिक शेयर लगत विवरण, सञ्चालकको लगतसहित विवरण पेश गर्नुपर्नेछ।

'१५ हजार बच्यो'

सन्देश संवाददाता

कालिकोट/हलाकीले घर खोज्दै आँगनमा आएपछि कालिकोटको नरहरिनाथ-१, कोटवाडामा गणेश बिष्ट एकपटक अन्यौलमा परे। हालको जमानामा हुलाकी किन र के लिएर घरमा आयो। सुर्खेत बस्ने छोरीसँग दिनहुँ फोन, म्यासेन्जरमा कुरा भइरहन्छ। अरु कुनै ठाउँबाट चिठीपत्र आउने सम्भावना छैन हुलाकीले किन खोजेको होला भन्ने लागेको थियो। हुलाकीले छोरीको रहदानी ल्याए आएको थाहा पाएपछि खुशी लाग्यो। गणेशले हुलाकी आउँदाको आफ्नो अनुभूति सुनाए।

'रहदानी बनाएको पहिला त धेरै समय भइसकेको थियो। जिल्ला प्रशासन कार्यालयमा आइपुगेको सूचना पनि १ महिनाअगाडि नै हेरको थिएँ। राहदानी लिन व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने सुनेर छोरीलाई बोलाउन सकिएको थिएन,' उनले भने-राहदानीमात्र लिनका लागि छोरीलाई सुर्खेतबाट बोलाउँदा समय र खर्च दुवै लाग्थ्यो। सरकारले घरमै राहदानी पुऱ्याउँदा सहज भएको छ,' सरकारले घरमै राहदानी पुऱ्याएपछि छोरीको कस्तिमा ३ दिन समय र १५ हजार बचेको उनले बताए। सरकारले घरमै राहदानी पुऱ्याउन बालेपछि कालिकोटका बिष्ट जस्तै धेरै नागरिकलाई सहज भएको बताए। टाढाटाढाका बस्तीबाट सदरमुकाम पुग्न समय र आर्थिक भार पनि बढ्ने गरेको थियो। जिल्ला प्रशासन कार्यालय कालिकोटले ५ वैशाखदेखि सबै वडाहरुमा राहदानी पुऱ्याउने कार्य सुरु गरेको छ।

राहदानी (पासपोर्ट) सेवाग्राहीको घरमै पुऱ्याउने गरी व्यवस्था मिलाएको कालिकोटका सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले बताए। जिल्ला हुलाक कार्यालय कालिकोटको सहकार्यमा नागरिककै घरदैलोमा सेवा पुऱ्याउन सुरु गरिएको उनले बताए। नेपाल सरकारले अघि सारेको १ सय बुँदे शासकीय सुधार कार्ययोजनाअन्तर्गत् नागरिकलाई सहजरुपमा राज्यको सेवा घरमै उपलब्ध गराउने उद्धेश्यले सेवा कार्यान्वयन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बताए।

जिल्ला प्रशासन कार्यालय कालिकोट र जिल्ला हुलाक कार्यालय कालिकोटको संयुक्त बैठकको निर्णयअनुसार जिल्लाका सबै स्थानीय तहका नागरिकलाई राहदानी पुऱ्याउने काम भइरहेको जिल्ला हुलाक कार्यालय कालिकोटका निमित्त जिल्ला हुलाक अधिकृत टोपबहादुर शाहीले बताए। हुलाक सेवाबाट घरमै राहदानी पुगेपछि सरकारी कार्यालय धाउनुपर्नेबाध्यता अन्त्य भएको छ। सरकारले सुरु गरेको समय, खर्च र झन्झट कम भइ राज्यको सेवा डेलीमै पुगेको अनुभूति दिने गरी सेवा सुरु गर्न लागिएको जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ।

सरकारले आगामी १ सय दिनभित्र पासपोर्ट, नागरिकता प्रतिलिपि र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) जस्ता अत्यावश्यक सरकारी कागजात घरमै पुऱ्याउने व्यवस्था गर्ने लक्ष्य लिएको छ। मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धि कार्यसूचीको बुँदा नम्बर-२७ मा उक्त योजना समावेश गरिएको हो। कार्यसूची अनुसार हुलाक सेवालाई आधुनिकीकरण गरी सरकारी कुरियर सेवाका रुपमा विकास गरिने छ। सोही माध्यमबाट पासपोर्ट, नागरिकता, लाइसेन्सलगायत कागजात नागरिककै घरसम्म पुऱ्याइने छ। सरकारले सेवाप्रवाहलाई सरल, छिटो र बिचौलियामुक्त बनाउन सबै प्रक्रिया डिजिटल र एकीकृत प्रणालीमार्फत् सञ्चालन गर्ने योजना अघि सारेको छ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं।

चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले इच्छुक खरिदकर्ताले सिधै सम्पर्क राख्नुहोला।

सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। इच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। इच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने